# अध्याय एक

# शोधपरिचय

## १.१ विषयप्रवेश

भाषा विचार आदान प्रदान गर्ने मानवीय तथा सामाजिक वस्तु हो । भाषा समाजमा जन्मन्छ र समाजमै मर्दछ । मान्छेले जन्मेपछि क्रमिक रूपमा समाजबाटै भाषा सिक्दै जान्छ । भाषा विनाको मानवीय जीवन सार्थक बन्न सक्दैन । विभिन्न पशुपछीले पनि भाषाको प्रयोग गर्ने भए पनि त्यसलाई भाषा मानिँदैन । मानवीय अवयवद्वारा उच्चारण हुने सार्थक आवाज नै भाषा हो । भाषासँगै जोडिने अर्को विषय भाषा शिक्षण हो । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपहरूमा आउने सक्षमता नै भाषा शिक्षण हो । सुनाइ र पढाइ ग्रहण पक्षसँग तथा बोलाइ र लेखाइ अभिव्यक्ति पक्षसँग सम्बन्धित छन् । तसर्थ यी चारै सीपहरू एक अर्कामा अन्तरसम्बन्धित छन् । सुनाइ, बोलाइ र पढाइ सीपको पूर्णताले मात्र भाषा शिक्षण पूर्ण बन्न सक्दैन । भाषा शिक्षण भनेको भाषाको बारेमा वा विषयवस्तुको शिक्षण नभएर समग्र ग्रहण र अभिव्यक्ति सीपको विकास हुनु हो । विषयवस्तुका माध्यमबाट भाषा शिक्षण गरिने भएकाले भाषा साध्य हो भने विषयवस्तु साधन हो । हरेक भाषामा लिखित र मौखिक गरी दुई माध्यम हुन्छन् । भाषा शिक्षणमा सैद्धान्तिक पक्षलाई भन्दा प्रायोगिक पक्षलाई विशेष स्थान दिइन्छ । यसमा बोध र अभिव्यक्ति दुई पक्ष प्रबल हुने हुँदा व्यावहारिक तथा प्रयोग पक्षले विशेष स्थान पाउँछ ।

एक्सन रिसर्चको नेपाली रूपान्तरण नै कार्यमूलक अनुसन्धान हो जसको शाब्दिक अर्थ कार्य सँगसँगै अनुसन्धान गर्नु भन्ने हुन्छ । यस प्रकारको अनुसन्धानमा अनुसन्धानकर्ता र उपभोग/उपयोगकर्ता एउटै हुन्छ । कार्यमूलक अनुसन्धानमा अनुसन्धानकर्ताले समस्याको पहिचान तदनुकूलको योजना, कार्यान्वयन, अवलोकन, प्रतिविम्बन गर्दै पुनः चक्रमा अगाडि बढ्दै समस्या समाधान गरिने एक प्रायोगिक कार्य अनुसन्धान हो । विशेष गरेर भाषा शिक्षण गर्दा कक्षाकोठाभित्र देखिएका समस्यामा आधारित भई त्यस्ता समस्यामा तत्कालै सुधार गरी पेसागत विकासमा सुधार र दक्षता बढाउन यस्तो अनुसन्धान गरिन्छ । सन् १९३० पछि मनोसामाजिक र शिक्षा क्षेत्रमा कार्यमूलक अनुसन्धानप्रति चासो बढ्न थाल्यो । शिक्षामा देखिएका नवप्रवर्तनकारी धारणाबाट अनुसन्धानलाई विशिष्ट र कार्यान्वयनमुखी बनाउने प्रयास गरियो । सन् १९४६ मा लेविनले विद्यार्थीको क्षमता सुधारको लागि सर्वप्रथम

कार्यमूलक अनुसन्धानको समाधानार्थ कार्यमूलक अनुसन्धान प्रारम्भ गरे (भण्डारी र अन्य, २०७५ : १४७) । कार्यमूलक अनुसन्धानको कार्यथलो भनेको कक्षाकोठा हो । यो अनुसन्धान कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा तत्कालै सुधार गर्ने उद्देश्यले सञ्चालन गरिन्छ । यसमा शिक्षक स्वयम् सक्रिय रूपमा लाग्नु पर्ने हुन्छ । यस प्रकारको अनुसन्धानमा योजना, कार्य, अवलोकन र प्रतिविम्बनको चक्रीय प्रणाली रहने गर्दछ । यस्तो अनुसन्धानबाट विशेष गरी शैक्षिक समस्या समाधान गर्न, भाषिक सीपहरूलाई प्रभावकारी कार्यान्वयन गर्न, शिक्षण सामग्रीको उपयोग गर्न, शिक्षकको पेशागत दक्षतामा वृद्धि गर्न र शिक्षकको आत्ममूल्याङ्कन गर्न बहुउपयोगी सिद्ध हुन्छ । भाषा शिक्षण गर्दा कुनै विद्यार्थीको लेखाइ सीपको विकास राम्रो बन्न सकेन भने शिक्षकले उक्त समस्यालाई समाधान गर्न योजना निर्माण कार्य (काम गर्ने), अवलोकन गरी प्रतिविम्बनको तहसम्म पुग्न सकिन्छ । भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था कस्तो छ ? बहुभाषिक मुलुकमा यस्तो अनुसन्धान प्रभावकारी बन्न सक्छन् वा सक्दैन ? यस्तो अनुसन्धानका पछाडि के के फाइदा तथा बेफाइदा, चुनौतीहरू हुन सक्लान् ? त्यस्ता अनुसन्धान सञ्चालन गर्न श्रोत, साधन र समयका हिसाबले कत्तिको औचित्यपूर्ण हुन्छ ? जस्ता समसामयिक प्रश्नहरू हुन् । अन्तर्राष्ट्रिय स्तरमा यस्ता अनुसन्धान थुप्रै भएका छन् । नेपालमा भने त्यति धेरै नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान भएको देखिँदैन । तसर्थ प्रस्तुत शोधकार्य नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्थाको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

अनुसन्धानका निम्ति छानिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ (बन्धु, २०५३ : १७) । कार्यमूलक अनुसन्धान प्रायोगिक अनुसन्धानकै विशिष्ट प्रकार हो । यसको उद्देश्य कक्षाकोठा तथा विद्यालयका समस्या समाधान गर्ने र विद्यालय तहमा निर्णय निर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउनु हो । कार्यमूलक अनुसन्धानमा कक्षा शिक्षणमा देखिएका समस्या समाधानमा केन्द्रित हुन्छ । भाषा शिक्षणमा कार्यमूलक अनुसन्धन कसरी प्रयोग गर्न सकिन्छ ? त्यसका चुनौतीहरू के के छन् ? यसका सकारात्मक पक्षहरू के के रहेका छन् ? भन्नु मूल समस्या हुन् । यसका लागि समस्याको पहिचान, योजनाको निर्माण योजना, कार्यान्वयन, अवलोकन र प्रतिविम्बन जस्ता चक्र हुनु आवश्यक हुन्छ । प्रस्तुत शोध नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको प्रयोग

अवस्था पहिचान गर्नु यसको मूल समस्या रहेको छ । प्रस्तुत शोधकार्यमा निम्नानुसार शोधप्रश्नहरू रहेको छन् :

(क) नेपाली भाषामा शिक्षण कार्यमूलक अनुसन्धानको प्रयोग अवस्था के कस्तो रहेको छ ?

(ख) नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका कस्ता कस्ता समस्याहरू रहेका छन् ?

(ग) नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका समस्याहरूलाई के कसरी समाधान गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

समस्याको रूपमा प्रस्तुत गरिएका प्रश्नहरूको समाधान खोज्नु नै शोधको उद्देश्य हो । नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्थाको पहिचान र विश्लेषण गर्नु भएकाले विवेच्य शोधकार्यका लागि निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

(क) नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्थाको खोजी गर्नु,

(ख) नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका समस्याहरूको पहिचान गर्नु,

(ग) नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका समस्याको समाधानका उपायहरूको निरूपण गर्नु ।

## १.४ शोधको औचित्य

विश्वमा अनुसन्धानबाट नवीन ज्ञान तथा सिद्धान्तको प्रतिपादन भइरहेका छन् । कार्यमूलक अनुसन्धान सन् १९४० को दशकबाट प्रारम्भ भयो । कार्यमूलक अनुसन्धान एउटा प्रायोगिक तथा कक्षाकोठाको समस्या समाधान गर्ने अनुसन्धान हो । नेपालमा कार्यमूलक अनुसन्धान बारेमा सामान्य सैद्धान्तिक जानकारी मात्र प्रकाश पारिएको छ तर त्यसको व्यावहारिक प्रयोगको अवस्था नगन्य रहेको छ । नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्थाको खोजी गर्नु एउटा अनुसन्धेय विषय हो । यस अध्ययनबाट नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था समस्या/चुनौतीहरू तथा समाधानका

उपायहरूसम्बन्धी नवीन तथ्यहरू पत्ता लाग्ने भएकाले प्रस्तुत शोधकार्यको औचित्य रहेको छ । शिक्षाविद्, पाठ्यक्रमविद्, योजनाविद्, शैक्षिक प्रशासक, शिक्षक प्र.अ. लगायतका शैक्षिक सरोकारवालाहरूको लागि सैद्धान्तिक तथा प्रायोगिक पक्षको बारेमा जानकारी दिलाउने कार्य हुनेछ । विशेष गरेर कुनै पनि शिक्षकले कक्षा शिक्षण गर्दा देखिएका समस्या समाधान कसरी गर्ने भन्ने कुराको सैद्धान्तिक जानकारी समेत मिल्नेछ । नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको विषयमा अहिलेसम्म कुनै शोध भएको पाइँदैन । तसर्थ तत् तत् पक्षसँग सम्बन्ध राख्ने जिज्ञासु पाठक, अनुसन्धानकर्ता तथा शैक्षिक सरोकारवालाहरूलाई फाइदा मिल्नेछ । नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था, तिनका समस्या/चुनौतीहरू र समाधानका उपायहरूका सम्बन्धमा व्याख्या, विश्लेषण गरी निष्कर्ष निकालिने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.५ परिसीमा

अनुसन्धान एउटा जटिल तथा चुनौतीपूर्ण कार्य हो । त्यसमा पनि कार्यमूलक अनुसन्धान नेपालमा भर्खरै चर्चामा आएको विषय हो । तसर्थ एउटै शोधमा सबै विषय अटाउन सकिँदैन त्यसैले विशिष्ट क्षेत्र समावेश गर्नु आवश्यक हुन्छ । समय, स्रोत तथा साधनका हिसाबले शोधकार्य उपयुक्त हुनुपर्दछ । प्रस्तुत शोधकार्य नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्थासँग सम्बन्धित भएकाले प्रस्तुत अध्ययन सामग्री सङ्कलन गर्ने क्रममा काठमाडौँ जिल्लाका २० वटा सरकारी विद्यालयमूलक स्रोतका रूपमा लिइएको छ । त्यसैअन्तर्गत आधारभूत तह र माध्यमिक तहमा नेपाली विषय पढाउने २० जना शिक्षक शिक्षिकाहरूले गरिसकेको वा गर्दै गरेको कार्यमूलक अनुसन्धानलाई मूल श्रोतका रूपमा लिइएको छ । त्यसका साथै प्रश्नावली, मतावलीको प्रयोग गरी उनीहरूले दिएका उत्तरको आधारमा तथ्याङ्कको सङ्कलन गरिएको छ । नेपाली भाषा शिक्षण गराउने शिक्षकहरूको कक्षाकोठाको अवलोकन गरिएको छ । नेपाली भाषा शिक्षण बाहेकका अन्य शिक्षकको कक्षाकोठाको अवलोकन तथा त्यस बाहेकका अन्य शिक्षकको अन्तर्वार्ता समेत लिइएको छैन । प्रस्तुत शोध नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था, त्यसका समस्या र समाधानका उपायहरूको मात्र व्याख्या विश्लेषण गरिएको छ ।

## १.६ शोधकार्यको रूपरेखा

प्रस्तुत अध्ययनलाई यसप्रकार सङ्गठित गरिएको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : नेपाली भाषा शिक्षणका कार्यमूलक अनुसन्धानको अवस्था

अध्याय पाँच : नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका समस्याको अध्ययन

अध्याय छ : नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका समस्याहरूको समाधानका उपायहरू

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । कुनै शोधकार्य ग र्दा आफ्नो विषय शीर्षक सम्बन्धित सामग्रीलाई पूर्वकार्यको रूपमा राखिन्छ । त्यसपूर्व कसले, के के भने भन्ने विषयको जानकारी लिन सकिन्छ । शोधकार्यलाई विशिष्टीकरण, मौलिक, प्रामाणिक बनाइ सम्भावित त्रुटि हटाउन पूर्वकार्यको समीक्षाले सहयोग गर्दछ ।

नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धन विषयमा पर्याप्त अध्ययन तथा अनुसन्धान भएको पाइँदैन । प्रस्तुत शोध नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था विषयक भएकाले तत्सँग सम्बन्धित पाठ्यसामग्री तथा सन्दर्भ सामग्री, अन्तर्राष्ट्रिय स्तरमा त्यस बारेमा लेखिएका लेख, जर्नल, पुस्तक, अध्ययन प्रतिवेदनहरू पूर्वाध्ययनको निश्चित कालक्रममा समीक्षात्मक विवरणसहित निम्नानुसार प्रस्तुत गरिएको छ :

निउरे (२०६८) द्वारा अनुसन्धान पद्धति पाठ्यसामग्रीमा कार्यमूलक अनुसन्धानको चिनारी देखाइएको छ । कार्यमूलक अनुसन्धानमा कुनै कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा देखिएका समस्याहरूको निदान गरी आवश्यक सुधार गर्नको लागि अनुसन्धान गरिन्छ । अर्थात् कक्षाकोठामा देखिएका समस्याहरूलाई निदान गरी सुधार गर्ने उद्देश्यले शिक्षकहरू, सुपरिवेक्षक तथा विद्यालय प्रशासकहरूले सञ्चालन गर्ने अनुसन्धानलाई नै कार्यगत अनुसन्धानको रूपमा चिनाएका छन् । यसबाट अभ्यासको सुधारमा मात्र योगदान गर्दैन । शिक्षाको सिद्धान्त र शिक्षणलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नमा पनि सघाउ पुऱ्याउँछ । यो एक सहभागितामूलक अनुसन्धान हो । यसको मूल उद्देश्य कक्षाकोठाका समस्याहरूलाई वैज्ञानिक विधिको प्रयोग गरी समाधान गर्नु हो । प्रस्तुत शोधसामग्रीले विवेच्य शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न मद्दत पुगेको छ ।

पौडेल र पण्डित (२०६८) द्वारा *आधुनिक अनुसन्धान पद्धति लेखन तथा मूल्याङ्कन* भन्ने पाठ्यसामग्रीमा कार्यमूलक अनुसन्धानको चर्चा गरिएको छ । वर्तमान समस्याहरूको निराकरणका लागि गरिने अनुसन्धान कार्यपरक अनुसन्धन हो जसबाट सामाजिक क्रियाकलापमा अपेक्षित परिवर्तन ल्याउने लक्ष्य राखिन्छ । विशेष गरेर यस प्रकारको अनुसन्धानबाट समाजमा विद्यमान समस्याको उपचारात्मक निराकरणको लागि सञ्चालन गरिन्छ । यो शैक्षिक स्तर अझ सशक्त बनाउन, समाजको सुधारात्मक परिवर्तन तथा गुणात्मक उन्नति गर्न, सामाजिक सङ्घ, सङ्गठन संस्था आदिको समस्याको सिर्जनात्मक समाधान खोज्न सञ्चालन गरिन्छ । यस सामग्रीको प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक ढाँचा निर्माणमा सहयोग पुऱ्याएको छ ।

घिमिरे र निउरे (२०७२) द्वारा भाषिक अनुसन्धान विवधि सन्दर्भ सामग्रीमा सङ्क्षिप्त रूपमा कार्यमूलक अनुसन्धानका बारेमा चर्चा गरिएको छ । यसमा क्रियात्मक अनुसन्धानको परिचय, चरण, विशेषता, सबलता तथा दुर्बल पक्षहरू प्रस्तुत गरिएको छ । क्रियात्मक अनुसन्धान सामाजिक क्रियाकलापसँग सम्बन्धित र सुधार गर्ने उद्देश्यले सञ्चालन गरिन्छ । यसमा योजना, कार्यान्वयन, अवलोकन र अनुभूतिको चक्रीय शृङ्खलाद्वारा अगाडि बढाइन्छ । यसमा अनुसन्धान गर्न लागिएको क्रियाकलापमा आबद्ध व्यक्ति नै अनुसन्धानकर्ताको रूपमा सहभागी हुनुपर्छ । यसमा नियन्त्रण र शुद्धता नआउन सक्छ । प्रस्तुत सन्दर्भ सामग्रीले यस शोधकार्यका निम्ति समस्याको छनोट, उर्द्दीश्यको निर्धारण तथा सीमाङ्कन गर्न सकिएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२) द्वारा *सम्पादित पेसा, व्यवसाय प्रविधि* विषयको हाते पुस्तिकामा कार्यमूलक अनुसन्धानको बारेमा चर्चा गरिएको छ । उक्त पुस्तिकामा कार्यमूलक अनुसन्धान भन्नाले आफ्नो कार्यस्थलमा आफैले योजना, कार्यान्वयन, अवलोकन, स्वप्रत्याबन, परिमार्जन र पुनर्योजना गर्दै तत्कालीन परिस्थितिजन्य समस्या समाधान खोज्ने एउटा उपाय हो । यसमा जसले प्रयोग गर्ने हो ऊ स्वयम्ले अनुसन्धान गर्दछ तर त्यस्तो समस्या समाधानको सामान्यीकरण गरी सबैतिर लागु गर्न भने सकिँदैन । कक्षाकोठामै शिक्षणका बेला आइपरेका समस्याको पहिचान गरी सुधारका बाटाहरू खोज्ने, सबै व्यक्तिहरू वा सरोकारवालासँग प्रत्यक्ष सम्बन्ध विकास गर्न कार्यमूलक अनुसन्धानको प्रयोग गरिन्छ । यसको मूल उद्देश्य भनेकै काममा सुधार ल्याउनु हो । साथै सूचनाको व्याख्या, विश्लेषण अवलोकन, दैनिक डायरी लेखन, अन्तर्वार्ताजस्ता विधिबाट तथ्याङ्क

सङ्कलन गरिन्छ । यस प्रकारको अनुसन्धानले शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याउन तथा विद्यालयले भोग्दै आएका समस्या समाधानमा बढी केन्द्रित हुन्छ । प्रस्तुत शोधका लागि उद्देश्यको निर्धारणका लागि उक्त सामग्रीले सहयोग गरेको छ ।

खनाल (२०७३) द्वारा *शैक्षिक अनुसन्धान पद्धति* भन्ने पुस्तकमा कार्यमूलक अनुसन्धान शीर्षकभित्र त्यसको अवधारणा, विशेषता, प्रकार र चरणहरूको समेत खोलुवा गरेका छन् । उक्त पुस्तकमा कार्यमूलक अनुसन्धानमा शैक्षिक कार्यकलापमा संलग्न व्यक्ति ( विशेष गरी शिक्षक रहने) हरूबाटै कक्षा शिक्षणलाई प्रभावकारी बनाउनको लागि नवीन सिद्धान्त वा ज्ञानको प्रतिपादनभन्दा पनि कक्षा शिक्षणमा देखिएका तत्कालीन समस्या समाधानमा बढ्ता जोड दिइन्छ । यस्तो अनुसन्धान शिक्षा क्षेत्रमा काम गर्नेको लागि बढी उपयोगी हुने  गर्दछ । कार्यगत अनुसन्धानबाट शैक्षिक समस्या समाधान गर्न र शैक्षिक क्रियाकलाप सुधार गरी पठनपाठन प्रक्रियामा प्रभावकारी बनाउन सकिन्छ । यस्तो अनुसन्धानबाट भाषा शिक्षण गराउने शिक्षकको पेसागत दक्षता विकास, शिक्षकलाई निरन्तर कार्यमा लाग्न प्रेरित गराउने, शैक्षिक नीतिमा सुधार गर्न सकिन्छ । कार्यमूलक अनुसन्धानमा सर्वप्रथम समस्याको पहिचान गरी तदनुकूलको योजना बनाउने, योजना अनुसारको कार्यक्रम कार्यान्वयन गराई त्यस्ता कार्यक्रमको प्रभावकारिता कस्तो रह्यो भनी अवलोकन गरी अन्त्यमा भावी कार्यक्रमको बाटो पहिचान गर्ने काम गरिन्छ । प्रस्तुत पाठ्यसामग्री यस शोधको लागि समस्या छनोटमा सहयोग पुगेको छ ।

भट्टराई (२०७३) द्वारा भाषिक अनुसन्धान विधि परिचय र प्रयोग भन्ने पाठ्यसामग्रमि कार्यमूलक अनुसन्धानको चर्चा गरिएको छ । उक्त सामग्रीमा क्रियात्मक अनुसन्धानको परिचय, विशेषता, चरणहरूलाई प्रस्तुत गरिएको छ । सर्वप्रथम कार्यमूलक अनुसन्धानको प्रारम्भ अमेरिकी विद्वान् कोलियरले गरेका हुन् । साथै यसमा कोरी, रोबिन्सन विद्वान्हरूको विशेष भूमिका रहेको छ । कुनै पनि शैक्षिक, प्रशासनिक, सामाजिक, आर्थिक जस्ता कार्यक्रममा तत्काल सुधार ल्याउन सञ्चालन गरिने विधि कार्यमूलक अनुसन्धान विधि हो । यसबाट काममा प्रभावकारिता ल्याउन, गलत प्रणालीको अन्त्य गरी नवीन प्रणालीको विकास गर्न तथा शैक्षिक गुणस्तर वृद्धि गर्न बढी उपयोगी हुने कुरा उल्लेख गरेका छन् । यो एउटा व्यष्टिपरक अनुसन्धान हो । त्यसैले यो एउटा निश्चित समस्या समाधानमा केन्द्रित हुन्छ । क्रियात्मक अनुसन्धानमा समस्याको पहिचान, उद्देश्यको निर्धारण, उपकरण निर्माण तथा कार्यान्वयन, विश्लेषण, निष्कर्ष तथा निराकरणजस्ता चरणहरूको प्रयोग हुने कुरा

उल्लेख गरेका छन् । प्रस्तुत सामग्रलि यस शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुगेको छ ।

भण्डारी र अन्य (२०७४) द्वारा भाषिक अनुसन्धान विधि सन्दर्भ सामग्रीमा कार्यमूलक अनुसन्धानको परिचर्चा गरिएको छ । निश्चित समस्यामा केन्द्रित भई समस्या समाधान केन्द्रित विधि क्रियात्मक अनुसन्धान विधि हो । यसको क्षेत्र व्यापक तथा विस्तृत हुन्छ । क्रियात्मक अनुसन्धान विधि सर्वप्रथम अमेरिकी विद्वान् कोलिरले गरेका हुन् । उनीसँगै लेखिन राइटस्टोन, टुवा, ब्रेडी, रोविन्सनजस्ता विद्वान्को विशेष भूमिका रहेको छ । यो अनुसन्धान सैद्धान्तिक नभएर व्यावहारिक प्रकृतिको हुन्छ । कुनै पनि कार्यक्रममा सुधार तथा नवीनता र प्रभावकारिता ल्याउने उद्देश्य राखिन्छ । यसको स्वरूप, समस्यामुखी, सुधारमुखी अल्पकालीन र प्रभावकारी हुन्छ । नेपाली भाषा शिक्षणमा प्रभावकारिता ल्याउन, शैक्षिक सामग्रीको प्रयोग, अतिरिक्त क्रियाकलापको प्रभावकारिता, व्याकरण शिक्षणमा प्रयोग गरिने विधि आदि क्षेत्रमा कार्यमूलक अनुसन्धान गर्न सकिन्छ । यस प्रकारको अनुसन्धानमा समस्याको पहिचान, कार्ययोजना निर्माण, मूल्याङ्कन जस्ता प्रक्रिया अपनाउन सकिन्छ । यस शोधसामग्रीबाट प्रस्तुत शोधको समस्या निर्धारण तथा सैद्धान्तिक धारणा निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

भण्डारी र अन्य (२०७५) द्वारा *अनुसन्धान विधि* भन्ने पाठ्यसामग्रीमा कार्यमूलक अनुसन्धान प्रकार, आवश्यकता, शैक्षणिक व्यवस्थापन, कक्षा कार्यकलापमा कार्यमूलक अनुसन्धान तथा चक्रको नमुनाका सम्बन्धमा चर्चा गरिएको छ । भाषा शिक्षण एक प्रायोगिक पक्ष भएकाले कार्यमूलक अनुसन्धान प्रयोग गर्न सकिन्छ । कक्षाकोठामा शिक्षकले प्रयोग गर्ने शिक्षण विधि, सामग्री, मूल्याङ्कन, कक्षा सहभागिता, अभ्यास तथा पुनरावृत्ति, शैक्षणिक साधन लगायतका भाषा सिकाइका पक्षमा अनुसन्धान गर्न सकिन्छ । साथै शिक्षाविद्, पाठ्यक्रमविद्, शैक्षिक प्रशासकहरू लगायत शिक्षाका सरोकारवालाहरूको लागि शैक्षिक संरचना, नीति, कार्यान्वयनमा देखिने समस्या समाधानको लागि कार्यमूलक अनुसन्धान गर्न सकिन्छ । भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान सञ्चालन गर्दा परिचय, प्रारम्भिक खोजी, प्राक्कल्पना, हस्तक्षेप, मूल्याङ्कन वितरण, पुनरावृत्ति जस्ता चरणहरूको पनि प्रयोग गर्न सकिन्छ । मूलतः कार्यमूलक अनुसन्धानमा सर्वप्रथम के गर्ने, कहिले गर्ने, कसरी गर्ने, कसले गर्ने, किन गर्ने ? जस्ता योजना निर्माण गरी सोही बमोजिम कार्यान्वयन, अवलोकन र प्रतिविम्बन चक्रलाई समस्याको समाधान नभएसम्म दोहोऱ्याई, तेहेऱ्याई

सञ्चालन उपयोग गरिन्छ । यसबाट प्रस्तुत शोधकार्यमा उद्देश्य निर्धारण तथा तथ्याङ्कको विश्लेषणका लागि सहयोग मिलेको छ ।

लम्साल र खनाल (२०७५) द्वारा अनुसन्धान विधि भन्ने सन्दर्भ सामग्रीमा कार्यमूलक अनुसन्धानको परिचय, आवश्यकता, चक्र र नमुना कार्यमूलक अनुसन्धानलाई प्रस्तुत गरिएको छ । निश्चित कार्यक्रमलाई सुधार, परिवर्तन तथा व्यवस्थित तुल्याउने उद्देश्यले सोही कार्यक्रमका सञ्चालकबाट नै गरिने अनुसन्धान नै कार्यमूलक अनुसन्धान हो । कार्यमूलक अनुसन्धान जम्मा चार चरण रहेका छन् : योजना, कार्यान्वयन, अवलोकन र स्वप्रत्यावर्तन । यस सामग्रीको अध्ययनबाट प्रस्तुत शोधका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

रो (सं. २००७) द्वारा *एक्सन रिसर्च* भन्ने पाठ्यसामग्रीमा कार्यमूलक अनुसन्धानको अवधारणा प्रक्रिया, प्रकार, साधन, योजना र लेखन प्रक्रियाको चर्चा गरेको छ । कार्यमूलक अनुसन्धान एउटा प्रयोगात्मक अनुसन्धानको हो । जुन शिक्षक, निरीक्षक, विद्यालय प्रशासकहरूद्वारा अनुसन्धान गरिन्छ । यी अनुसन्धान कक्षाकोठाको समस्या र समाधानको सुधारका निम्ति गरिन्छ । यस्तो अनुसन्धानले वर्तमान वा कक्षाकोठामा देखिएका समस्या समाधानमा विशेष जोड दिइन्छ । कार्यमूलक अनुसन्धानले समस्याहरूको खाडललाई परिपूर्तिका लागि गरिन्छ । कार्यमूलक अनुसन्धानको लागि सर्वप्रथम विशिष्ट समस्याको पहिचान, सम्भावित समस्याका कारणहरूको खोजी गरी शिक्षकसँग कसरी सम्बन्धित छन् ? कुन परिकल्पना उपयोगी बन्न सक्छ ? समस्या समाधानका लागि कुन अनुसन्धान विधि प्रयोग गर्ने जस्ता चरणमा गर्न सकिन्छ । कार्यमूलक अनुसन्धान खुल्ला प्रकृतिको हुन्छ जसले घटनाको अध्ययन गर्दछ । रेकर्ड राख्ने मात्र नभएर सही ढङ्गले के भईरहेको छ भन्ने कुराको व्याख्या गर्दछ । यस अनुसन्धानमा एउटा शिक्षकले आफूले गरेका साना साना परिवर्तनबाट सुरुवात हुन्छ जुन काम बृहत् परिवर्तनतर्फ उन्मुख हुन्छ । कार्यमूलक अनुसन्धान कक्षाकोठामा तीन तरिकाले प्रयोग गर्न सकिन्छ । पहिलोमा शिक्षकलाई सचेत हुने कुरामा विकास गर्दै, मानवको ज्ञानको धारणामा ठूलो परिवर्तन ल्याउने, दोस्रोमा शिक्षक स्वयम्ले आफ्नै कामबाट आफूलाई सुधार गर्न सक्छ र तेस्रोमा शिक्षकले आफैले उत्प्रेरणा जगाएर तत्कालीन अवस्थामा भएका अनुसन्धानभन्दा पर पुगी अरू थप तथ्यहरूको खोजी गर्न सक्छ । कार्यात्मक अनुसन्धान वर्णनात्मक, प्रयोगात्मक, निदानात्मक र घटना अध्ययन जस्ता विधिहरू रहेका छन् । कार्यात्मक अनुसन्धानका साधनहरू डायरी तथा डकुमेन्ट

अध्ययन, सहभागीको संरचित अन्तर्वार्ता, घटना अध्ययन रहेका छन् । विवेच्य शोधसँग सम्बन्धित भएको समस्याकथन, उद्देश्यको निर्धारण तथा व्याख्या विश्लेषण गर्न सहयोग पुगेको छ ।

नुनान (२०१०) ले *रिसर्च म्याथड इन ल्याङ्ग्वेज लर्निङ* मा एक्सन रिसर्च, यसका चरण, प्रश्नहरू समेत प्रस्तुत गरेका छन् । कार्यमूलक अनुसन्धान शिक्षकद्वारा आफ्नो उद्देश्य प्राप्तिका लागि विशेष गरी कक्षाकोठाभित्र गरिन्छ । यो सहकार्यमूलक तथा परिवर्तित स्वरूपको हुन्छ । कार्यमूलक अनुसन्धान कक्षाकोठाको वास्तविक समस्याबाट उत्पत्ति हुन्छ, जुन समस्यालाई प्रत्यक्ष रूपमा सामना गर्नुपर्दछ । यसमा कक्षाकोठाको अन्तर्क्रियाबाट वास्तविक तथा वस्तुपरक तथ्यहरू सङ्कलन गरिन्छ । यसका पाँच चरणहरू हुन्छन्, सुरुवात, पूर्व निर्धारित परिकल्पना, मध्यान्तर, मूल्याङ्कन, प्रबोधीकरण र पटकपटक निरीक्षण । विवेच्य शोधका लागि यस सामग्रीले सैद्धान्तिक आधार निर्माण गर्न सहयोग पुगेको छ ।

कोहेन र अन्य (सन् २०११) द्वारा *रिसर्च मेथड्स इन एजुकेसन* भन्ने पाठ्यसामग्रीमा कार्यमूलक अनुसन्धानका बारेमा चर्चा गरेका छन् । कार्यमूलक अनुसन्धानले अनुसन्धान र अभ्यासलाई जोड्ने पुलको कार्य गर्दछ । यो अवस्थामा मात्र सीमित नभई शैक्षिक अभ्यास, शिक्षण र शिक्षाको सिद्धान्तमा प्रयोग हुन्छ । यो एउटा मिश्रित अनुसन्धान हो जुन निदानात्मक कार्य र प्रयोगात्मक मुद्दा तथा परिवर्तन गर्न सकिने समस्याहरू सहभागीद्वारा पहिचान गरिन्छ । यसको मुख्य उद्देश्य भनेको स्व प्रतिविम्बन हो जसमा अनुसन्धानकर्ताले गरेको अनुसन्धन तथा आफूले गरेको अनुसन्धानमा स्व प्रयोग हुन्छ । यो एउटा प्रयोगात्मक, सुधारात्मक, नवप्रवर्तन हो । यसमा सामाजिक अभ्यासको विकास तथा परिवर्तन र प्रयोगकर्ताको राम्रो बुझाइ हुनुपर्दछ । कार्यात्मक अनुसन्धान सामाजिक परिस्थितिमा सहभागीद्वारा परिचालित सामूहिक, स्वयम्, प्रतिविम्बन अन्वेषणको स्वरूप हो । यो एक लचिलो, परिस्थितिमूलक, उत्तरदायी उपाय हो । जसले प्रामाणिकता र आवाज प्रदान गर्दछ । यो अनुसन्धानको एउटा एकीकृत प्रक्रिया हो, जहाँ प्रश्नलाई आशावादी तरिकामा हेरिन्छ र अनुसन्धानको प्रभावहरूलाई सुधारको प्रयासको रूपमा लिइन्छ । प्रस्तुत सामग्रीको अध्ययनबाट विवेच्य शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न सकिन्छ ।

लिन (२०११) द्वारा *एक्सन रिसर्च इन टिचिङ एन्ड लर्निङ* भन्ने पुस्तकमा एक्सन रिसर्च र शिक्षण सिकाइका बारेमा चर्चा गरेका छन् । कार्यमूलक अनुसन्धान एउटा सबैलाई प्रतिनिधित्व गर्न सक्ने अनुसन्धान हो । सन् १९४० को दशकमा यसको प्रतिपादन कर्ट लेविनले गरेका हुन् । यस्तो अनुसन्धान प्रयोगात्मक र सहभागी गरी दुई प्रकारका रहेका छन् । यसमा सामाजिक अभ्यास, सुधारोन्मुख, चक्रीय, प्रणालीगत सोधपुछ, प्रतिविम्बात्मक, सहभागितामूलक, अभ्यासकर्ताद्वारा निर्धारणजस्ता विशेषताहरू रहेका हुन्छन् । कार्यमूलक अनुसन्धान कुनै परम्परागत अनुसन्धान होइन, प्रयोगात्मक तथा बृहत् अनुसन्धान हो । कार्यमूलक अनुसन्धानमा सर्वप्रथम मुद्दाको पहिचान, विद्यार्थीहरूलाई सोधपुछ गर्ने, समाधानका उपायहरू खोजी गर्ने, काम गर्ने मूल्याङ्कन गर्ने, भविष्यमा गर्ने अभ्यासको परिवर्तन गर्ने र यस पूर्वाध्ययनको माध्यमबाट प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधारहरू निर्माण गर्न सहयोग मिल्ने देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ विषयप्रवेश

भाषा वक्ता र स्रोताको विचारलाई सम्प्रेष्य बनाउने साधन हो । भाषा निरन्तर चलिरहने प्रक्रिया हो । नेपालको जनगणना (२०६८) अनुसार १२५ जाति र १२३ भाषा रहेका छन् । त्यसमा बहुसङ्ख्यक (४३%) ले प्रयोग गर्ने भाषा नेपाली भाषा हो । नेपालका संस्थागत विद्यालय बाहेकका अन्य विद्यालयमा भाषा शिक्षणको माध्यम नेपाली हो ।

भाषाका सुनाइ, बोलाइ, लेखाइ र पढाइ गरी चार सीप हुन्छन् । यिनै चार सीपमा सक्षमता आउनु भाषा शिक्षण हो । चारै सीपहरू एक अर्कामा परिपूरक छन् । सुनाइ र बोलाइ सीपको विकासले मात्र भाषिक सक्षमता आउन सक्दैन । सुनाइ र पढाइ सीप बोध पक्षसँग तथा लेखाइ र बोलाइ अभिव्यक्ति सीपसँग सम्बन्धित छन् । भाषा शिक्षण भनेको आदानात्मक तथा प्रदानात्मक सीपमा विकास गर्नु हो । भाषा शिक्षणमा भाषा साध्यको रूपमा र विषय साधनको रूपमा प्रयोग गरिन्छ । भाषा शिक्षणमा चारै सीप अन्तर सम्बन्धित हुन्छन् । विद्यार्थीको उमेर, कक्षा, क्षमता, लिङ्ग वातावरणका विभिन्न पक्षले प्रभाव पार्दछन् । तसर्थ भाषा शिक्षणमा विभिन्न सिद्धान्त, अभिरुचि, आवश्यकता, वातावरणको ख्याल गर्दै शिक्षण गर्नुपर्दछ ।

नयाँ तथ्य वा ज्ञानको प्रतिपादन गर्ने उद्देश्यले गरिने व्यवस्थित र चरणवद्ध रूपमा खोजी गर्नु अनुसन्धान हो । अनुसन्धान कुनै समस्यामा आधारित हुन्छ । अनुसन्धानमा समस्याको पहिचान र समाधानको उपाय प्रस्तुत गरिन्छ । यो एउटा प्राज्ञिक वैज्ञानिक तथा व्यवस्थित कार्य हो । अनुसन्धन भनेको नवीन तथ्यको प्रतिपादन गर्नु वा ज्ञानको पुनर्व्याख्या गर्नु हो Actin Research को नेपाली रूपान्तरण नै कार्यमूलक अनुसन्धान हो । यो खास समस्या समाधानमा आधारित हुन्छ । यसमा अनुसन्धानकर्ता नै त्यसको प्रयोगकर्ता पनि हो । मूलतः कक्षा शिक्षणमा देखिएका समस्याहरूको समाधान गर्न यस्तो अनुसन्धान गरिन्छ । यसमा योजना, कार्य, अवलोकन र प्रतिविम्बन गरी चार चरण हुन्छन् । शिक्षण एउटा जटिल तथा चुनौतीपूर्ण कार्य हो । एउटा कक्षाकोठामा विभिन्न स्वभाव/प्रकृतिका विद्यार्थीहरू हुन्छन् । कक्षाको विविधतासँगै समस्याहरू पनि जन्मिदै जान्छन् । कार्यमूलक अनुसन्धान के हो ? यसबाट कसरी कक्षाका समस्या समाधान गर्न सकिन्छ ? यसका चरणलाई कसरी प्रयोग गर्न सकिन्छ ? जस्ता आजका समसामयिक अध्ययनका विषयहरू हुन् । प्रस्तुत शोध यिनै प्रश्नहरूमा आधारित छ ।

### २.२.२ **सैद्धान्तिक ढाँचा**


कक्षा शिक्षणमा देखिएका समस्यालाई समाधान गर्ने उद्देश्य राखेर अनुसन्धानकर्ता र प्रयोगकर्ता एकै हुने अनुसन्धान कार्यमूलक अनुसन्धान हो । यो कार्यमूलक, प्रयोगात्मक र समाधानमुखी प्रकृतिको हुन्छ । एक्सन रिसर्चको नेपाली रूपान्तरण कार्यमूलक अनुसन्धान हो । यसमा कार्य र अनुसन्धान एकसाथ गरिन्छ । यस अनुसन्धानमा विशेष गरेर भाषा शिक्षण गर्दा कक्षाकोठाभित्र देखिएका समस्यामा आधारित भई त्यस्ता समस्यामा तत्काले सुधार गरी शिक्षकको पेसागत विकासमा सुधार र दक्षता बढाउने कार्य गरिन्छ । सन् १९३० पछि मनोसामाजिक र शिक्षण क्षेत्रमा कार्यमूलक अनुसन्धानप्रति चासो बढ्न थाल्यो । शिक्षामा देखिएका नवप्रवर्तनकारी धारणाबाट अनुसन्धानलाई विशिष्ट र कार्यान्वयनमुखी प्रयास गरियो । सन् १९४६ मा लेविनले विद्यार्थीको क्षमता सुधारको लागि सर्वप्रथम कार्यमूलक अनुसन्धानको समाधानार्थ अनुसन्धान प्रारम्भ गरे (भण्डारी र अन्य, २०७५ : १४७) । यसबाट पेसागत दक्षतामा अभिवृद्धि गर्न, कार्यसम्पादन स्तरमा सुधार ल्याउन र पेसागत दक्षता बढाउन र गुणस्तरीय शिक्षणको विकास गर्न सकिन्छ । कार्यमूलक अनुसन्धान शिक्षकद्वारा कक्षा शिक्षणमा देखिएका समस्याको कारणहरू पहिचान गरी समाधानको लागि योजनाको निर्माण, योजना बमोजिम कार्य, योजना मुताविक कार्य भएको नभएको कुराको

अवलोकन कत्तिको प्रभावकारी भयो वा भएन भनेर परीक्षण गरी अन्त्यमा प्रत्यावर्तन गरिन्छ । कार्यमूलक अनुसन्धानमा वैज्ञानिक पद्धति अवलम्बन गरिन्छ । वर्तमान समस्याहरूको निराकरणका लागि गरिने अनुसन्धान कार्यपरक अनुसन्धान हो । यसबाट सामाजिक क्रियाकलापमा निर्देशित परिवर्तन ल्याउने लक्ष्य राखिन्छ (पौडेल र अन्य, २०६८ : ४९) । साथै समस्याहरूको समाधान उपचारात्मक पद्धतिबाट गर्न सकिन्छ ।


सामान्यतया आधारभूत अनुसन्धान र कार्यमूलक अनुसन्धान बिचमा अन्तर छ । आधारभूत अनुसन्धानमा विभिन्न सिद्धान्तहरूको प्रतिपादनमा केन्द्रित हुन्छ । साथै पुराना ज्ञानको पुनर्व्याख्या समेत गरिन्छ । यो अनुसन्धान विद्वान् वा विज्ञहरूले मात्र सञ्चालन गर्दछन् । यसमा योजनालाई क्षितिजीय तथा बृहत् बनाइएको हुन्छ । आधारभूत अनुसन्धानमा सूचनाको व्याख्या विश्लेषणमा विभिन्न विधि तथा प्रक्रियाको अवलम्बन गरिन्छ । यस्ता अनुसन्धानबाट प्राप्त निष्कर्ष तथा प्राप्तिलाई सामान्यीकरण गरी प्रतिपादन गरिन्छ । तर कार्यमूलक अनुसन्धानमा कक्षाकोठाको शिक्षणमा सुधार ल्याउने उद्देश्यले कक्षाकोठाभित्र देखिने अर्थात् शिक्षकले देखेको समस्याहरूलाई तत्काल सुधार गर्ने कार्यतर्फ उन्मुख हुन्छ । यसमा साना/छोटा योजनाहरू निर्माण गरी सीमित श्रोत साधनबाट समस्याको समाधान गरिन्छ । साथै कक्षा अवलोकन, दैनिकी, कक्षामा देखाउने व्यवहारका आधारमा सूचनाको निष्कर्ष वा प्राप्तिको व्याख्या गरिन्छ । कार्यमूलक अनुसन्धान व्यावहारिक समस्यामा आधारित र सहभागीमूलक गरी २ प्रकारको हुन्छ (खनाल, २०७४ : १९८) । व्यावहारिक समस्यामा आधारित अनुसन्धानमा कक्षाकोठामा देखापरेका समस्या समाधान उन्मुख हुन्छ भने सहभागितामूलक अनुसन्धानमा शिक्षण सिकाइका समस्याहरू छानेर शिक्षकद्वारा व्यावहारिक रूपमा गरिने अनुसन्धान सहभागितामूलक अनुसन्धान हो ।

कार्यमूलक अनुसन्धानमा गुणात्मक, सान्दर्भिक, परिवर्तनमुखी सहभागितामूलक, चक्रीय, निरन्तर चलिरहने, एकीकृत, लचकता, क्रियाशीलता तथा योजनाबद्ध जस्ता विशेषता हुन्छन् । कर्ट लेविनले कार्यमूलक अनुसन्धानका निम्न चरणहरू देखाएका छन् :

पहिलो चक्र




दोस्रो चक्र




**(क) योजना**

योजना भन्नले के गर्ने कहिले गर्ने, कसरी गर्ने, कसले गर्ने, कसका लागि गर्ने, भनी निर्माण गरिने रणनीतिक कार्य हो । कार्यमूलक अनुसन्धानमा सर्वप्रथम कक्षाकोठामा देखिएका समस्याको कारणहरू पहिचान गरी समाधानका लागि व्यवस्थित योजना निर्माण गरिन्छ । समस्या समाधानका लागि आवश्यक उपकरणहरू वा साधन स्रोतको सङ्कलन गरिन्छ । मानौँ नेपाली विषयमा विद्यार्थीहरूले एस.इ.इ. परीक्षामा उच्च अङ्क ल्याउन सकिरहेका छैनन् । यो एउटा समस्या हो । यसको लागि के के कसरी, कहिले, कसले के गर्दा उच्च अङ्क ल्याउन सकिन्छ भनेर छलफल वा योजनाको निर्माण गरिन्छ ।

**(ख) कार्य**

अनुसन्धानदाताले माथि उल्लेख गरिएको योजना मुताविक कार्य गर्दछ । यो एउटा प्रायोगिक खण्ड हो । यसमा योजना अनुसार कसले के के गर्नुपर्ने हो त्यही काम गरिन्छ । समस्या समाधानका उपायहरूको खोजी र प्रयोग हुन्छ । यो चरण अन्यभन्दा निकै लामो हुन्छ । यसमा योजना बमोजिम कार्यहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने, परिवर्तन गराउने, सुधार ल्याउने वा अपेक्षित उद्देश्य पूर्तिको लागि काम गरिन्छ । कार्यमा समय परिस्थिति अनुसार कार्यमा कहिले फेरबदल आउन सक्ने सम्भावना पनि रहन्छ । माथिकै समस्यालाई

उदाहरणलाई लिँदा शिक्षक, विद्यार्थी, प्र.अ. तथा अन्य सरोकारवाला निकायहरूले योजनामा के के गर्ने भनिएको छ त्यसैअनुसारको कार्य गर्नुपर्छ ।

(ग) **अवलोकन**

यस चरणमा योजना र कार्य बिचमा कस्तो सम्बन्ध रह्यो भन्ने कुराको अवलोकन गरिन्छ । सुधार ल्याउन खोजेको विषयमा कुन हदसम्म प्राप्त भयो वा भएन भनेर लेखाजोखा गरिन्छ । योजना अनुसार कार्यले अपेक्षित उद्देश्य प्राप्त गर्न सक्यो वा सकेन भन्ने कुराको निर्क्योल गर्नुपर्छ । शिक्षकले ल्याउन खोजेको सुधार र विद्यार्थीमा आएको परिवर्तनलाई विभिन्न अवलोकनका साधन (टिपोट, चेकलिष्ट अवलोकन, फाराम, फोटो, भिडियो आदि) का माध्यमबाट गर्न सकिन्छ ।

(घ) **प्रतिविम्बन**

अनुसन्धानकर्ताले गरेका कामहरू के के उपयोगी भए वा समस्याको समाधान के कति भयो भनेर आफैले गर्ने चिन्तन मनन गर्नुलाई प्रतिविम्बन भनिन्छ (भण्डारी र अन्य, २०७५ : १५०) । यस चरणमा अनुसन्धानकर्ताले गरेको कामले कतिको उपलब्धि सक्यो वा सकेन भन्ने कुराको खोजी गरिन्छ । यो अन्तिम तथा अनुसन्धानबाट प्राप्त नतिजा कार्यान्वयनको चरण हो । यस चरणमा उद्देश्यबमोजिम उपलब्धि प्राप्त भयो वा भएन, वा अपेक्षित सुधार आउन सक्यो वा सकेन, कुन कुन पक्षहरू सकारात्मक र कुन पक्ष सुधारात्मक रह्यो, सोचेअनुसारको कार्य हुन सक्यो वा सकेन जस्ता पक्षमा केन्द्रित हुन्छ ।


अतः कार्यपरक अनुसन्धानका मुख्य गरी योजना निर्माण, कार्य, अवलोकन र प्रतिविम्बन गरी चार चरणहरू रहेका छन् । सबै समस्याहरू एकै चरणमा समाधान भई अवस्था रहँदैन । कहिलेकाहीँ समस्या जटिल प्रकृतिको छ भने एकै चरणमा नभएर तीन/चार चरणसम्म जान सक्छ । यस्तो अवस्थामा पुनः योजना निर्माण, कार्य अवलोकन र प्रतिविम्बनको चरणहरू दोहोऱ्याउनु पर्छ । समस्या सामधान नभइञ्जेल यो चक्र निरन्तर चलिरहन्छ ।

भाषाका बोध र अभिव्यक्ति सीपमा विकास हुनुले मात्र भाषा शिक्षणको सान्दर्भिकता देखाउँछ । भाषा शिक्षण गर्दा विभिन्न समस्याहरू आइपर्दछन् । त्यस्ता समस्याहरूको यथोचित रूपमा समाधान गर्न विभिन्न अनुसन्धान गर्नु औचित्यपूर्ण हुन्छ । नयाँ ज्ञान प्रतिपादन गर्नु वा पुरानो ज्ञानको पुनर्व्याख्या गर्नु अनुसन्धान हो । कक्षा शिक्षणसँग

सम्बन्धित  समस्या समाधान गरी शैक्षिक गुणस्तर तथा शिक्षकको पेसागत विकास गर्ने कार्य कार्यमूलक अनुसन्धानमा गरिन्छ । कार्यमूलक अनुसन्धन एउटा प्रयोगात्मक अनुसन्धानको पाटो हो, जुन शिक्षक, निरीक्षक, विद्यालय प्रशासनद्वारा अनुसन्धान गरिन्छ । यो कक्षाकोठाको समस्या र समाधानको सुधारका निम्ति गरिन्छ । यसमा सर्वप्रथम समस्याको पहिचान वा उद्देश्यको निर्धारण गरी समस्या समाधानका लागि योजना निर्माण, कार्य, अवलोकन र प्रतिविम्बन गरिन्छ । समस्या समाधान नभएसम्म यो प्रक्रिया निरन्तर चलिरहन्छ । कार्यमूलक अनुसन्धानबाट प्राप्त निष्कर्षलाई सामान्यीकरण गरी अन्य कक्षाकोठामा प्रयोग गर्न सकिँदैन ।

## २.३ अवधारणात्मक रूपरेखा

अनुसन्धानका ढाँचा सैद्धान्तिक र अवधारणात्मक गरी दुई प्रकारका हुन्छन् । सैद्धान्तिक अवधारणा भन्नाले कुनै पनि सिद्धान्तमा आधारित अनुसन्धान हो । अवधारणात्मक रूपरेखामा सैद्धान्तिक ढाँचाको आधारमा त्यसलाई चित्रात्मक वा वर्णनात्मक कुनै रूपलाई प्रस्तुत गरिन्छ । अर्थात् धारणा तथा चलहरू बिचको सम्बन्धलाई प्रस्ट देखाउने कार्य अवधारणात्मक रूपरेखा हो । शोधार्थीले आफूले प्रयोग गरेका चलहरू र धारणालाई चित्रात्मक वा अन्य कुनै रूपमा प्रस्तुत गरिन्छ । यो अध्ययन नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको प्रयोग अवस्था विषयसँग सम्बद्ध रहेको छ । त्यसैले यसमा प्रयोग अवस्था पहिचान गर्ने, समस्या खोज्ने तथा समाधानका उपायहरू प्रस्तुत गर्ने समस्यासँग सम्बन्धित रहेको छ । यस अनुसन्धानमा सम्बन्धित विषयसँग प्रश्नावली, मतावलीको निर्माण गरिएको छ । यसरी शिक्षकले दिएका  उत्तरहरूलाई सामान्यीकरण गर्दै व्याख्या विश्लेषण गरिएको छ । अन्त्यमा त्यसैका आधारमा निष्कर्षहरू प्रस्तुत गरिएका छन् । अतः यस अनुसन्धानमा प्रयोग गरिएको अवधारणात्मक ढाँचालाई यसरी प्रस्तुत गर्न सकिन्छ :




अतः प्रस्तुत अध्ययनलाई अवधारणात्मक रूपरेखामा व्यक्त गरिएको छ । शोधपत्र तयार पार्दासम्म सात चरणमा अगाडि बढेको छ । सर्वप्रथम शीर्षक सम्बन्धित प्रश्नावली, मतावली निर्माण गरियो । तिनलाई प्रतिनिधिमूलक नमुना शिक्षकमा छनोट गरियो । तत्पश्चात् शिक्षकहरूले दिएका उत्तरहरूलाई सङ्कलन गरी नियमको निर्माण गरिएको छ । त्यसैका आधारमा व्याख्या विश्लेषण गरिएको छ । अन्त्यमा एउटा निश्चित निष्कर्ष निकालेर शोधपत्र तयार पारिएको छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

हरेक काम निश्चित विधि र प्रक्रिया अङ्गालेर गरिन्छ । अनुसन्धान एउटा महत्त्वपूर्ण कार्य हो । यसका लागि खास विधिको प्रयोग गरिन्छ । प्रस्तुत शोध एउटा परिसीमामा आधारित भएर गरिएको छ । यस अध्ययनका लागि तोकिएका विद्यालयका नेपाली भाषा शिक्षण गराउने शिक्षकको कक्षाकोठाका समस्या समाधानमा शिक्षकले गरेका अनुसन्धान, त्यसका समस्या/चुनौती विषयलाई आगमनात्मक तथा निगमनात्मकजस्ता विधिको प्रयोग गरिएको छ । प्राप्त तथ्यहरूको सङ्कलन प्राथमिक तथा द्वितीयक दुबै तवरले गरिएको छ भने तथ्यको विश्लेषण, वर्णनात्मक विश्लेषणात्मक विधिबाट गरिएको छ ।

## ३.१ अध्ययन ढाँचा

अध्ययनको संरचना, स्वरूप वा प्रकृतिले त्यसको ढाँचाको निर्धारण गर्दछ । यस अध्ययनमा प्रश्नावली, मतावलीको निर्माण गरी शिक्षकहरूको दृष्टिकोण वा बुझाइ लिने गरिएको छ । यसरी हेर्दा यसमा गुणात्मक अनुसन्धानका विशेषता रहेका छन् । त्यस्ता विचारलाई सङ्ख्यात्मक रूपमा तालिकामा देखाई प्रतिशतमा व्यक्त गरिएको छ । त्यसैले यसमा सङ्ख्यात्मक विश्लेषण पनि रहेको छ । समग्रमा शोधपत्रलाई अवलोकन गर्दा शाब्दिक तथा सङ्ख्यात्मक दुबै (गुणात्मक र परिमाणात्मक) दुबै ढाँचाको प्रयोग पाइन्छ । त्यसैले यो अध्ययन मिश्रित ढाँचामा रहेको छ । त्यसमा पनि बढी गुणात्मक ढाँचा रहेको छ ।

## ३.२ जनसङ्ख्या

यस अध्ययनमा काठमाडौँ जिल्ला भित्रका नेपाली विषय शिक्षण गराउने आधारभूत तथा माध्यमिक तहका स्थायी वा अस्थायी सम्पूर्ण शिक्षकलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट पद्धति र नमुना जनसङ्ख्या

छनोट गरिएको सबै जनसङ्ख्याको अध्ययन गर्न सकिँदैन । तसर्थ ठूलो जनसङ्ख्यालाई प्रतिनिधित्व गर्न सक्ने गरी नमुना वा प्रतिनिधिमूलक जनसङ्ख्या छनोट गर्नुपर्दछ । तसर्थ यस अध्ययनमा नमुना जनसङ्ख्या छनोट गर्दा सम्भावनायुक्त नमुपना छनोट पद्धतिको प्रयोग गरिएको छ । त्यसमा पनि सामान्य सम्भावनायुक्त नमुना छनोट

पद्धतिको प्रयोग गरिएको छ । काठमाडौँ जिल्लामा रहेका सरकारी विद्यालयको नामावलीलाई सङ्कलन गरी चिठ्ठापद्धतिको प्रयोग गरी नमुना विद्यालयको छनोट गरिएको छ । त्यस्तै छनोट गरिएको विद्यालयमा नेपाली विषय पढाउने २० जना शिक्षकहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । तिनै २० जना शिक्षक तथा शिक्षिकाहरू नै यस अध्ययनका प्रतिनिधिमूलक जनसङ्ख्या हुन् ।

## ३.४ सामग्रीको स्रोत

नमुना जनसङ्ख्या छनोट पश्चात् अध्ययन कार्यले एउटा निश्चित आकार प्राप्त गर्दछ । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुबै स्रोतको प्रयोग गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययनमा काठमाडौँ जिल्लाका नमुना जनसङ्ख्यामाथि प्रश्नावली तथा मतावलीको प्रयोग गरिएको छ । यसरी प्रत्यक्ष रूपमा आफै गएर पहिलो पटक २० जना शिक्षकहरूका कार्यमूलक अनुसन्धान सम्बन्धित प्रश्नावलीको प्रयोग परीक्षण गरी प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिएको छ । अर्थात् २० जना शिक्षकहरूले प्रस्तुत गरेको विचार वा दृष्टिकोण प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतको रूपमा प्रस्तुत गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

नेपाली भाषा शिक्षण तथा कार्यमूलक अनुसन्धान माथि लेखिएका टिप्पणी, लेख रचना, पाठ्यसामग्री, प्रतिवेदन तथा उपलब्ध शोधकार्यहरूलाई द्वितीयक सामग्रीको रूपमा छनोट गरिएको छ ।

## ३.५ सामग्रीको निर्माण

यो शोध काठमाडौँ जिल्लाका २० ओटा सरकारी विद्यालयमा नेपाली भाषा शिक्षण गराउने २० जना शिक्षकहरू प्रयोग गरिएको छ । उनीहरूले सकेका वा गर्दै गरेका कार्यमूलक अनुसन्धानलाई अध्ययन सामग्रीको रूपमा लिइएको छ । त्यस्तै गरी विषयसँग सम्बन्धित प्रश्नावली निर्माण गरी आवश्यक तथ्यहरू सङ्कलन गरिएको छ । यिनै सामग्रीको आधारमा प्राज्ञिक समस्याको समाधान गरिएको छ । छनोट गरिएको नमुना जनसङ्ख्यालाई प्रश्नावली र मतावलीहरू दिएर उनीहरूबाट आएका विचारहरूको सङ्कलन गरियो ।

तत्पश्चात् थिमको निर्माण गरी व्याख्या विश्लेषण गर्दै निष्कर्ष निकाल्ने कार्य सम्पन्न गरिएको छ ।

## ३.६ व्याख्या विश्लेषण प्रक्रिया

काठमाडौँ जिल्लामा नेपाली भाषा शिक्षण गराउने शिक्षकहरूले विगतमा गरेका र वर्तमानका गरिरहेका कार्यमूलक अनुसन्धानलाई मूल सामग्री बनाई नेपाली भाषा शिक्षणका कुन कुन सीपमा अनुसन्धान भएको पहिचान गरी तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । कार्यमूलक अनुसन्धानसम्बन्धीका प्रश्नावली तथा मतावलीको आधारमा तत् विषयसँग सम्बन्धित तथ्यको आधारमा शिक्षकको विचार वा दृष्टिकोणसँग वर्तमान अवस्थाको चित्रण गरिएको छ । सर्वप्रथम प्रश्नपत्र र मतावली निर्माण गरी छनोट गरिएका नमुना शिक्षक माथि प्रयोग गरियो । त्यसैबाट कार्यमूलक अनुसन्धान भाषा, शिक्षण, भाषिक सीप, शिक्षण सामग्री तथा शिक्षण कार्यकलाप, कक्षा व्यवस्थापन मूल्याङ्कन तथा पृष्ठपोषण र शिक्षण विधि तथा प्रविधिका क्षेत्रमा प्रश्नावली तथा मतावली निर्माण गरिएको छ । शिक्षकहरूसँग लिएका प्रतिक्रियाबाट तथ्याङ्क प्रस्तुत गरिएको छ । तालिकामा व्यक्त गरिएको तालिका सङ्ख्यषलाई प्रतिशतमा व्यक्त गरी व्याख्या, विश्लेषण गरिएको छ । नेपाली भाषा शिक्षणमा कस्ता कस्ता विषयमा कार्यमूलक अनुसन्धान भइरहेको छ ? कुन विषय क्षेत्रमा कार्यमूलक अनुसन्धान भएको छैन भन्ने कुराको समेत विश्लेषण गरी पृष्ठपोषण समेत प्रस्तुत गरिएको छ । साथै विद्यालयमा भएका कार्यमूलक अनुसन्धानको अवस्थालाई खोजी गरी तालिकाबद्ध गरी तार्किक, आवश्यक भएमा चित्र, औसत मानबाट व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । शिक्षकहरूले दिएको प्रतिक्रियालाई तालिकामा राखी प्रतिशतमा राखेर व्याख्या विश्लेषण गरिएको छ । त्यस्तै गरी शिक्षकले गरेका नमुना कार्यमूलक अनुसन्धानका आधारमा त्यसको सैद्धान्तिक तथा प्रायोगिक पक्षलाई केलाउने काम समेत भएको छ ।

# अध्याय चार

## नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था

आफ्नो पेशागत दक्षता बृद्धिका लागि समस्याको पहिचान गर्दै समाधानका उपायहरू सुझाउनु कार्यमूलक अनुसन्धान हो । यो अनुसन्धान कार्य सम्पादनमा सुधार ल्याउनको लागि गरिन्छ । काम गर्ने स्वयम् अनुसन्धानकर्ताले आफ्नो शिक्षणमा देखिएका समस्याहरूको समाधानको लागि आफ्ना लागि तयार पारिएको हुन्छ । यस्तो कार्यमा योजना, कार्यान्वयन, अवलोकन र प्रतिविम्बिनको प्रक्रियाबाट अगाडि बढ्छ । समस्याको समाधान नहुञ्जेल यो प्रक्रिया निरन्तर चलिरहन्छ । प्रस्तुत अनुसन्धान नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्थाको पहिचानसँग सम्बद्ध छ । प्रस्तुत उद्देश्य पूरा गर्न काठमाडौं जिल्लामा नेपाली विषय पढाउने स्थायी शिक्षकहरूसँग प्रश्नावली र मतावलीको माध्यमबाट प्राप्त भएको तथ्यको आधारमा यसको अवस्थाको विश्लेषण गर्न सकिन्छ । जम्मा बीस जना शिक्षकले दिएका प्रतिक्रियाको आधारमा कार्यमूलक अनुसन्धानको वर्तमान अवस्थाको विश्लेषण यसरी गर्न सकिन्छ :

### ४.१ नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान विषयक मतावलीको विश्लेषण

नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था पत्ता लगाउन प्रश्नावली र मतावलीको माध्यमबाट शिक्षकले देखाएका प्रतिक्रियाको आधारमा विश्लेषण गरिएको छ । नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान व्यावहारिक छ वा छैन भन्ने प्रश्नमा शिक्षकले देखाएको प्रतिक्रिया यसप्रकार छन् :

तालिका १

व्यावहारिकता

| छ | | छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७ | ८५ | ३ | १५ |

तालिका १ मा कार्यमूलक अनुसन्धानको व्यावहारिकतालाई प्रतिशतमा व्यक्त गरिएको छ । उक्त तालिकाको आधारमा ८५% ले व्यावहारिक भएको र १५% व्यावहारिक नभएको धारणा रहेको पाइयो । कार्यमूलक अनुसन्धान गर्नु व्यावहारिक हुने प्रतिक्रिया बढी पाइयो । शिक्षकहरूमा त्यसैले कार्यमूलक अनुसन्धान गर्नुपर्छ भन्ने विचार रहेको देखिन्छ ।

**तालिका २**

**सान्दर्भिकता**

| छ | | छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७ | ८५ | ३ | १५ |

तालिका २ मा कार्यमूलक अनुसन्धानको सान्दर्भिकतालाई प्रतिशतमा प्रस्तुत गरिएको छ । उक्त तालिकामा सान्दर्भिकता छ भन्नेमा ८५% र छैन भन्नेमा १५% शिक्षकको मत रहेको छ । यसरी हेर्दा नेपालको सन्दर्भमा कार्यमूलक अनुसन्धान गर्नु सान्दर्भिक छ भन्ने मत बढी रहेको देखिन्छ ।

**तालिका ३**

**समस्यामा आधारित**

| व्यक्तिगत | | सामूहिक | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४ | ७० | ६ | ३० |

तालिका ३ मा कार्यमूलक अनुसन्धान कस्तो समस्यासँग केन्द्रित हुन्छ भन्ने मतलाई प्रतिशतमा व्यक्त गरिएको छ । उक्त माथिको तथ्याङ्कलाई हेर्दा ७०% ले कार्यमूलक अनुसन्धान व्यक्तिगत समस्या केन्द्रित हुन्छ भन्ने मत रहेको छ । त्यस्तै गरी ३०% ले सामूहिक समस्यामा केन्द्रित हुने मत रहेको छ । यसरी हेर्दा कार्यमूलक अनुसन्धान व्यक्तिगत समस्यामा आधारित हुन्छ भन्ने मत बढी रहेको पाइन्छ ।

### तालिका ४

### कुन रूपमा

| अनिवार्य | | ऐच्छिक | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका सङ्ख्या ४ मा कार्यमूलक अनुसन्धान ऐच्छिक वा अनिवार्य हुन्छ भन्ने मतलाई प्रतिशतमा देखाइएको छ । उक्त तालिकाका आधारमा विद्यालय तहमा गरिने कार्यमूलक अनुसन्धानलाई अनिवार्य रूपमा लिइने गरेको पाइयो । जसअन्तर्गत सतप्रतिशतले अनिवार्य रूपमा लिनुपर्ने मत राखेको देखियो ।

### तालिका ५

### प्रभावकारिता

| मातृभाषा | | दोस्रो भाषा | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४ | २० | १६ | ८० |

तालिका ५ मा कार्यमूलक अनुसन्धानको प्रभावकारितालाई प्रतिशतमा राखिएको छ । प्रस्तुत तालिकाको आधारमा २०% शिक्षकको मत मातृभाषाका लागि र ८०% शिक्षकको मत दोस्रो भाषाका लागि कार्यमूलक अनुसन्धान प्रभावकारी हुन्छ भन्ने मत रहेको छ । यसरी हेर्दा दोस्रो भाषाका लागि बढी उपयोगी हुने मत रहेको देखिन्छ ।

### तालिका ६

### कसको लागि

| छात्र/छात्रा | | शिक्षक | | प्र.अ. | | सबैको | |
|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १५ | ७५ | १ | ५ | - | - | ४ | २० |

तालिका ६ मा कार्यमूलक अनुसन्धान कसका लागि गर्ने भन्ने मतलाई प्रतिशतमा राखिएको छ । माथिको तालिकामा छात्र/छात्रा (विद्यार्थी) को लागि ७५% ले गर्नु उपयुक्त हुन्छ भन्ने मत राखेका छन् । ५% ले शिक्षकको लागि गर्नुपर्छ भन्ने मत राखेका छन् । प्र.अ.को गर्नु पर्नेमा शून्य रहेको छ । त्यस्तै २०% शिक्षकले विद्यार्थी, शिक्षक र प्र.अ.को लागि उपयोगी बन्न सक्ने मत राखेका छन् । यसरी हेर्दा धेरैजसो शिक्षकको मत भने छात्र/छात्रा (विद्यार्थी) को लागि कार्यमूलक अनुसन्धान गर्नुपर्ने मत रहेको छ ।

### तालिका ७

### समाधानका चरण

| योजना, कार्य, अवलोकन प्रतिविम्बन | | कार्य, योजना, अवलोकन र प्रतिविम्बन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १९ | ९५ | १ | ५ |

तालिका ७ मा कार्यमूलक अनुसन्धानमा समस्या समाधानका चरणमा शिक्षकको मतलाई प्रतिशतमा व्यक्त गरिएको छ । कार्यमूलक अनुसन्धान अनुसन्धानका चरणहरूमा योजना कार्य, अवलोकन र प्रतिविम्बन हुन्छ भन्ने शिक्षकहरूको मत ९५% रहेको छ । कार्य, योजना, अवलोकन र प्रतिविम्बनको प्रक्रियाबाट अगाडि बढ्छ भन्ने मत ५% रहेको छ । यसरी हेर्दा शिक्षकहरूमा कार्यमूलक अनुसन्धानका चरणहरूमध्ये योजना, कार्य, अवलोकन र प्रतिविम्बनको प्रक्रियाबाट अगाडि बढ्छ भन्ने मत बढी रहेको छ ।

तालिका ८

समयको अन्तराल

| समस्या देख्ने बित्तिकै | | ६-६ महिनाको अन्तराल | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका ८ मा शिक्षकले गर्ने कार्यमूलक अनुसन्धान समयको अन्तराललाई प्रतिशतमा राखिएको छ । यस आधारमा हेर्दा शतप्रतिशत शिक्षकले समस्या देख्ने बित्तिकै कार्यमूलक अनुसन्धान गर्ने गरेको मत रहेको छ । समस्याको अन्तरालभन्दा पनि जहिले समस्या देखिन्छ त्यति नै बेला अनुसन्धान गर्ने गरेको मत बढी रहेको पाइन्छ ।

तालिका ९

कुन तह

| आधारभूत | | माध्यमिक | | सबै तह | |
|---|---|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १३ | ६५ | ६ | ३० | १ | ५ |

तालिका सङ्ख्या ९ कुन तहका लागि बढी उपयोगी हुन्छ भन्ने मतावलीलाई प्रतिशतमा राखिएको छ । प्रस्तुत तालिकाका आधारमा आधारभूत तहका लागि बढी उपयोगी हुन्छ भन्ने मत ६५% शिक्षकको रहेको छ । त्यस्तै गरी ३०% ले माध्यमिक तहका लागि बढी उपयोगी भएको मत पाइन्छ । ५% ले सबै तहका लागि उपयोगी हुने मत पाइन्छ ।

तालिका १०

**प्रयोजन**

| समस्या समाधान | | आन्तरिक बढुवा | | अन्य | |
|---|---|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १९ | ९५ | - | - | १ | ५ |

तालिका १० मा कार्यमूलक अनुसन्धानको प्रयोजनसम्बन्धी शिक्षकहरूको मतलाई प्रतिशतमा राखिएको छ । माथिको तालिकालाई हेर्दा ९५% ले समस्या समाधान गर्ने प्रयोजनका आधार अनुसन्धान गर्ने मत छ भने ५% शिक्षकले अन्य प्रयोजन राखेर गर्ने गरेको देखियो । त्यस्तै आन्तरिक बढुवाका लागि भनेर कसैले पनि कार्यमूलक अनुसन्धान गर्ने गरेको देखिएन । प्रायःजसो सबै शिक्षकले कक्षाकोठामा देखिएका समस्या समाधान गर्ने मूल प्रयोजनले कार्यमूलक अनुसन्धान गर्ने गरेको देखिन्छ ।

## ४.२ कार्यमूलक अनुसन्धान विषयक प्रश्नावलीको विश्लेषण

कक्षाकोठा भित्र देखिएका समस्याहरूको समाधान गर्ने अनुसन्धान कार्यमूलक अनुसन्धान हो । यस अध्ययनमा प्रश्नावली र मतावलीका आधारमा विश्लेषण गरिएको छ । यस आधारमा शिक्षकले दिएका प्रतिक्रियाको विश्लेषण यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका ११

अनुसन्धानको प्रयोग

| कक्षाकोठामा प्रयोग गरेको छ | | कक्षाकोठामा प्रयोग गरेको छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका १ मा शिक्षकले समस्या समाधानको लागि कार्यमूलक अनुसन्धान प्रयोग गरेका वा नगरेको विवरणलाई प्रतिशतमा व्यक्त गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा सबै

शिक्षकहरूले वा शतप्रतिशतले समस्या समाधानको लागि कार्यमूलक अनुसन्धान गर्ने गरेको देखिन्छ ।

### तालिका १२

### प्रयोग प्रक्रिया

| योजनासहित | | योजनाविहिन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका २ मा प्रयोग गरिएको अनुसन्धान प्रक्रियालाई प्रतिशतमा राखिएको छ । उक्त तालिकाका आधारमा शतप्रतिशत १००% शिक्षकले योजनासहित अनुसन्धान गर्ने गरेको देखिन्छ । सबै समस्याको समाधान निश्चित धारणा, चिन्तनको प्रयोग गरी योजनाबद्ध ढङ्गले गर्ने गरेको देखियो ।

### तालिका १३

### अनुसन्धानको निरन्तरता

| एकपटक | | पटक पटक | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| - | - | २० | १०० |

तालिका ३ मा शिक्षकले गर्ने अनुसन्धानको निरन्तरतालाई प्रतिशतमा देखाएको छ । तालिकाका आधारमा शिक्षकले एकपटक मात्र गर्ने प्रतिशत शून्य रहेको देखिन्छ । सबै शिक्षकहरूले कार्यमूलक अनुसन्धान पटक पटक गर्नुपर्ने भन्ने विचार शतप्रतिशतले राखेका छन् । तसर्थ सबै शिक्षक अनुसन्धान गरेर मात्र होइन पटक पटक गरिन्छ भन्ने मत बढी रहेको पाइन्छ ।

तालिका १४

**विद्यार्थीलाई सूचना**

| जानकारी दिएर | | जानकारी नदिएर | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ११ | ५५ | ९ | ४५ |

तालिका ४ मा अनुसन्धान गर्दा विद्यार्थीलाई सूचना दिएर वा नदिई गरिन्छ भन्ने प्रश्नमा शिक्षकले दिएका प्रतिक्रियालाई प्रतिशतमा प्रस्तुत गरिएको छ। ५५% ले अनुसन्धान गर्दा विद्यार्थीलाई जानकारी दिएर गराउने गरेको प्रतिक्रिया प्राप्त भएको छ। त्यस्तै ४५% ले जानकारी नदिएर अनुसन्धान गर्ने गरेको प्रतिक्रिया विद्यार्थीलाई जानकारी दिएर गर्ने गरेको पाइयो।

तालिका १५

**समाधानको जानकारी**

| अवलोकन गरेर | | लिखित परीक्षण | | अन्य विधिबाट | |
|---|---|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ५० | ८ | ४० | २ | १० |

तालिका ५ मा समस्या समाधानको जानकारीलाई प्रतिशतमा व्यक्त गरिएको छ। माथिको तालिकालाई हेर्दा ५०% शिक्षकहरूले अवलोकन गरेर समस्याको समाधान भयो वा भएन भन्ने मत पाइयो। त्यस्तै ४०% ले लिखित परीक्षणद्वारा समस्या समाधानको जानकारी लिने गरेका छन्। साथै १०% शिक्षकहरूले अन्य विधिको प्रयोग गरेर समस्या समाधानको जानकारी लिएको पाइन्छ। यसरी हेर्दा धेरै शिक्षकहरूले अवलोकन गरेर समस्या समाधान भयो वा भएन भन्ने कुराको जानकारी लिनेको प्रतिशत अन्यको भन्दा बढी रहेको छ।

तालिका १६

**वास्तविक समस्या समाधान**

| हुन सक्छ | | हुन सक्दैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका ६ मा कार्यमूलक अनुसन्धानबाट विद्यार्थीहरूको वास्तविक समस्या समाधानको मत वा प्रतिक्रियालाई प्रतिशतमा व्यक्त गरिएको छ । यसै सन्दर्भमा शिक्षकहरूको प्रतिक्रियालाई हेर्दा शतप्रतिशत शिक्षकहरूले कार्यमूलक अनुसन्धानबाट विद्यार्थीको वास्तविक समस्या समाधान हुन सक्छ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् ।

तालिका १७

**शिक्षण प्रभावकारिता**

| शिक्षण प्रभावकारी छ | | शिक्षण प्रभावकारी छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८ | ९० | २ | १० |

तालिका ७ मा कार्यमूलक अनुसन्धान पश्चात्मा आएको परिवर्तनलाई प्रतिशतमा व्यक्त गरिएको छ । कार्यमूलक अनुसन्धान पश्चात् ९०% शिक्षकको शिक्षणमा प्रभावकारिता आएको छ । त्यस्तै १०% शिक्षकको शिक्षणमा प्रभावकारिता नआएको पाइन्छ । यसरी हेर्दा कार्यमूलक अनुसन्धानको प्रयोग गरी गरिएको शिक्षणमा बढी प्रभावकारिता आएको छ ।

तालिका १८

**अनुसन्धानका समस्या**

| समस्या भोग्नु परेको छ | | समस्या भोग्नु परेको छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८ | ४० | १२ | ६० |

तालिका ८ मा अनुसन्धान गर्दा आउने समस्यालाई प्रतिशतमा व्यक्त गरिएको छ । उपर्युक्त तालिकामा ४०% शिक्षकले अनुसन्धान गर्दा समस्या भोग्नु परेको छ । त्यस्तै गरी ६०% अनुसनधानकर्ताले समस्या भोग्नु परेको छैन । यसरी हेर्दा शिक्षकले कार्यमूलक अनुसन्धान गर्दा समस्या कम भोग्नु परेको देखिन्छ ।

तालिका १९

**नेपाली भाषा शिक्षणमा उपयोगिता**

| उपयोग छ | | उपयोगी छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका ९ मा नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको उपयोगितासम्बन्धी शिक्षकको प्रतिक्रियालाई प्रतिशतमा देखाइएको छ । नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान १००% वा शतप्रतिशत उपयोगी हुने मत रहेको छ ।

### ४.२.१ भाषिक सीप र भाषा शिक्षण विषयक प्रश्नको विश्लेषण

भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बद्ध सीपहरू भाषिक सीपअन्तर्गत राखिन्छ । यिनै चार सीप एक अर्कोमा सम्बन्धित छन् । तसर्थ चार सीपको सक्षमता नै भाषा शिक्षण हो । भाषिक सीपहरू र भाषा शिक्षण सम्बद्ध क्षेत्र (कार्यमूलक अनुसन्धान) मा प्रश्न निर्माण गरी विश्लेषण गर्न सकिन्छ :

तालिका २०

**भाषिक सीपमा समस्या**

| सुनाइ | | बोलाइ | | पढाइ | | लेखाइ | |
|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३ | १५ | ४ | २० | ५ | २० | ८ | ४० |

तालिका १ मा भाषाका चार सीपमा हुने समस्यालाई प्रतिशतमा देखाइएको छ । सुनाइ सीपमा १५%, बोलाइ सीपमा २०%, पढाइ सीपमा २५% र लेखाइ सीपमा ४०% समस्या हुने गरेको देखिन्छ । तुलनात्मक रूपले सुनाइ र बोलाइमा कम समस्या, पढाइ र लेखाइमा बढी समस्या हुने गरेको देखिन्छ । त्यसमा पनि लेखाइ सीपमा विद्यार्थीका समस्या बढी रहेको पाइन्छ ।

तालिका २१

**शैक्षिक सामग्रीको प्रभावकारिता**

| प्रभावकारी छन् | | प्रभावकारी छैनन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १६ | ८० | ४ | २० |

तालिका सङ्ख्या २ मा शैक्षिक सामग्रीको प्रभावकारितालाई प्रतिशतमा देखाइएको छ । प्रस्तुत तालिकालाई हेर्दा जम्मा ८०% ले शैक्षिक सामग्री प्रभावकारी भएको बताएका छन् भने २०% ले शैक्षिक सामग्री प्रभावकारी हुन नसकेको बताएका छन् । यसरी हेर्दा नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका सामग्रीहरू प्रभावकारी बढी रहेको देखिन्छ ।

### ४.२.२ कक्षा व्यवस्थापनसम्बन्धी प्रश्नावलीको विश्लेषण

भाषा शिक्षणमा कक्षा व्यवस्थापनले महत्त्वपूर्ण भूमिका खेल्छ । सिकाइ प्रभावकारी बनाउन चाहिने एउटा तत्व भनेको कक्षा व्यवस्थापन पनि एउटा हो । यस अध्ययनमा कक्षा व्यवस्थापनका सम्बन्धमा देखिएका समस्या समाधानका लागि कार्यमूलक अनुसन्धानको

प्रयोग अवस्थालाई समेत देखाएको छ । तत् विषयसँग सम्बद्ध प्रश्नमाथि शिक्षकले दिएका उत्तरहरूको आधारमा विश्लेषण गर्न सकिन्छ :

तालिका २२

**शिक्षक र विद्यार्थीको संवेगात्मक पक्ष**

| समस्या समाधान हुन्छ | | समस्या समाधान हुँदैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ११ | ५५ | ९ | ४५ |

तालिका १ मा शिक्षक विद्यार्थीको संवेगात्मक समस्या समाधान कार्यमूलक अनुसन्धानबाट गर्न सकिन्छ वा सकिँदैन भन्ने तथ्यलाई प्रतिशतमा व्यक्त गरिएको छ । माथिको तालिकाको आधारमा, कार्यमूलक, अनुसन्धानबाट शिक्षक, विद्यार्थीको संवेगात्मक समस्या समाधान ५५% ले हुन्छ भन्ने प्रतिक्रिया आएको छ । त्यस्तै समस्या समाधान ४५% ले हुँदैन भनेका छन् । यसरी हेर्दा यी दुबै दुई बिचमा ५% को मात्र अन्तर देखिन्छ ।

तालिका २३

**विद्यार्थी र शिक्षकको शैक्षणिक**

| समाधान हुन्छ | | समाधान हुँदैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका २ मा विद्यार्थी र शिक्षकको शैक्षणिक समस्या समाधानको लागि यस प्रकारको अनुसन्धान हुने वा  नहुने तथ्यलाई प्रतिशतमा व्यक्त  गरिएको छ । उक्त प्रतिशतलाई आधार मान्दा कार्यमूलक अनुसन्धानबाट विद्यार्थी र शिक्षकको शैक्षणिक समस्या समाधान शतप्रतिशतले हुन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् । यसरी हेर्दा शैक्षणिक समस्या समाधानका लागि कार्यमूलक अनुसन्धान बढी उपयोगी हुन्छ ।

तालिका २४

अघि र पछि

| सामान्य | | सुधारोन्मुख | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २ | १० | १८ | ९० |

तालिका ३ मा अनुसन्धान गर्नु अघिको कक्षा र त्यसपछिको कक्षाको अवस्थालाई प्रतिशतमा व्यक्त गरिएको छ । अनुसन्धान पछिको कक्षा ९०% ले सुधारोन्मुख रहेको छ । त्यस्तै १०% भने सामान्य रूपले चलिरहेको छ । मूलतः कार्यमूलक अनुसन्धान पछि शिक्षण सिकाइ सुधारोन्मुख हुँदै गएको देखिन्छ । यस्ता अनुसन्धानले सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

तालिका २५

मन्द विद्यार्थीको लागि

| उपयोगी | | अनुपयोगी | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका ४ मा मन्द बुद्धि भएका विद्यार्थीहरूलाई यस प्रकारको अनुसन्धानको उपयोगी वा अनुपयोगी हुने विषयलाई प्रतिशतमा व्यक्त गरिएको छ । प्रस्तुत तालिकालाई हेर्दा मन्द विद्यार्थीको हकमा यस प्रकारको अनुसन्धान बढी उपयोगी हुन्छ । शतप्रतिशत शिक्षकले मन्द विद्यार्थीको लागि विशेष रूपमा उपयोगी हुने प्रतिक्रिया दिएका छन् ।

तालिका २६

उखान टुक्का सम्बन्धी

| सान्दर्भिक हुन्छ | | सान्दर्भिक हुँदैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका ५ मा उखान टुक्काको अर्थपूर्ण प्रयोग सिकाउन समस्या समाधानको लागि कार्यमूलक अनुसन्धान कति सान्दर्भिक हुन्छ वा हुँदैन भन्ने तथ्यलाई प्रतिशतमा व्यक्त गरिएको छ । यसअन्तर्गत जम्मा २० जना शिक्षकले दिएका प्रतिक्रिया अनुसार उखान टुक्काको सान्दर्भिक प्रयोगले समस्या समाधानको लागि शतप्रतिशतले सान्दर्भिक हुने प्रतिक्रिया व्यक्त गरेका छन् ।

तालिका २७

वर्णविन्यास

| उपयुक्त होला | | उपयुक्त नहोला | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका ६ मा वर्णविन्यासगत समस्या समाधानको लागि यस प्रकारको अनुसन्धान उपयुक्ततालाई वस्तुगत रूपमा प्रतिशतमा देखाइएको छ । यस तालिकालाई २० जना शिक्षकमध्ये शतप्रतिशत (१००%) ले वर्णविन्यासगत समस्या समाधानको लागि कार्यमूलक अनुसन्धान उपयुक्त होला भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् ।

### ४.२.३ मूल्याङ्कन तथा पृष्ठपोषण

मूल्याङ्कन तथा पृष्ठपोषणसम्बन्धी निर्मित प्रश्नावलीमाथि शिक्षकले दिएका प्रतिक्रियाका आधारमा यसरी विश्लेषण गरिएको छ :

### तालिका २८

### मूल्याङ्कन साधन

| छ | | छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका १ मा मूल्याङ्कनका साधनप्रति कर्यामूलक अनुसन्धान गर्नुपर्ने आवश्यक छ वा छैन भन्ने प्रतिक्रियालाई वस्तुगत तवरले प्रतिशतमा व्यक्त गरिएको छ। प्रस्तुत तथ्यलाई हेर्दा मूल्याङ्कनका साधनप्रति शतप्रतिशतले उपयुक्त छ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन्।

### तालिका २९

### मूल्याङ्कनका साधनमा सिकाइ

| सकारात्मक | | सामान्य | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १५ | ७५ | ५ | २५ |

तालिका २ मा कार्यमूलक अनुसन्धानबाट मूल्याङ्कनका साधनमा सिकाइमा आएको परिवर्तनलाई प्रतिशतमा व्यक्त गरिएको छ। प्रस्तुत तालिकालाई हेर्दा अनुसन्धान पश्चात् मूल्याङ्कनका साधनमा ७५ प्रतिशतले सकारातमक परिवर्तन आएको छ। त्यस्तै २५% ले सामान्य परिवर्तन आएको छ। त्यस्तै २५% शिक्षकको मूल्याङ्कनका साधनमा सामान्य परिवर्तन आएको देखिन्छ। समग्रमा यसरी हेर्दा यस्ता अनुसन्धानबाट मूल्याङ्कनका साधनहरूमा सकारात्मक परिवर्तन देखिन्छ।

## तालिका ३०

## निर्णयात्मक निर्माणात्मक तथा निदानात्मक

| निर्णयात्मक | | निर्माणात्मक | | निदानात्मक | |
|---|---|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| - | - | १५ | ७५ | ५ | २५ |

तालिका ३ मा निर्णयात्मक निर्माणात्मक तथा निदानात्मक मूल्याङ्कनका साधनलाई प्रतिशतमा व्यक्त गरिएको छ । माथिको तालिकाको आधारमा निर्णयात्मक मूल्याङ्कनको लागि कार्यमूलक अनुसन्धान शून्य देखियो । साथै ७५% शिक्षकहरूले निर्माणात्मक मूल्याङ्कनका साधनको लागि कार्यमूलक अनुसन्धान बढी अनिवार्य रहेको देखिन्छ । त्यसका साथै २५% शिक्षकको विचारमा निदानात्मक मूल्याङ्कनका लागि अनिवार्य भएको दृष्टिकोण राखेका छन् ।

## तालिका ३१

## कार्यमूलक पृष्ठपोषण

| प्रभावकारी छ | | प्रभावकारी छैन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १०० | - | - |

तालिका ४ मा कार्यमूलक तवरले दिइने पृष्ठपोषणले सिकाइमा देखिएको प्रभावकारितालाई प्रतिशतमा व्यक्त गरिएको छ । शिक्षकले कार्यमूलक अनुसन्धान गरी दिइने पृष्ठपोषणले शतप्रतिशत शिक्षकको विचार प्रभावकारी छ भन्ने रहेको देखिन्छ । यसरी हेर्दा कार्यमूलक अनुसन्धानबाट निष्कर्षको आधारमा पृष्ठपोषणले सिकाइमा  सकारातमक प्रभाव पारेको देखिन्छ ।

तालिका ३२

शिक्षक कि विद्यार्थी

| विद्यार्थी | | शिक्षक | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १६ | ८० | ४ | २० |

तालिका ५ मा कार्यमूलक अनुसन्धानबाट पृष्ठपोषण विद्यार्थीका लागि वा शिक्षकका लागि विषयलाई प्रतिशतमा देखाइएको छ । उक्त प्रतिशतलाई हेर्दा शिक्षकको लागि भन्दा विद्यार्थीको लागि प्रभावकारी हुने विचार रहेको छ । यसरी हेर्दा ८०% ले विद्यार्थीका पक्षमा र २०% ले शिक्षकका पक्षमा आफ्नो मत राखेका छन् ।

### ४.२.४ शिक्षण विधि र प्रविधि

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षण विधि र प्रविधिलाई विशेष ध्यान दिनुपर्छ । मूलतः शिक्षण विधि र प्रविधिसँग निर्माण गरिएको प्रश्नमा शिक्षकले दिएको प्रतिक्रियाका आधारमा प्रश्नहरूको विश्लेषणलाई यसरी प्रस्तुत गरिन्छ :

तालिका ३३

शिक्षक वा विद्यार्थी केन्द्रित

| विद्यार्थी | | शिक्षक | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८ | ९० | २ | १० |

तालिका १ मा कार्यमूलक अनुसन्धान विद्यार्थी वा शिक्षक केन्द्रित प्रतिक्रियालाई प्रतिशतमा व्यक्त  गरिएको छ । माथिको तालिकालाई आधार मान्दा ९०% ले विद्यार्थी र १०% ले शिक्षक केन्द्रित विधिका लागि कार्यमूलक अनुसन्धान बढी प्रभावकारी भएको देखियो । यसरी हेर्दा शिक्षकका लागि भन्दा विद्यार्थीका लागि यो अनुसन्धान बढी उपयोगी भएको देखिन्छ ।

तालिका ३४

**शैक्षिक प्रविधि**

| आवश्यक ठान्छु | | आवश्यक ठान्दिन | |
|---|---|---|---|
| सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १९ | ९५ | १ | ५ |

तालिका २ मा शैक्षिक प्रविधिका साधनमा कार्यमूलक अनुसन्धानलाई प्रतिशतमा राखिएको छ । माथिको तालिकाको आधारमा ९५% ले शैक्षिक प्रविधिका साधनमा कार्यमूलक अनुसन्धान गर्न आवश्यक छ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् । त्यस्तै ५% ले आवश्यक नठान्ने गरेको पाइयो । यसरी समग्रमा हेर्दा कार्यमूलक अनुसन्धान गर्नु उपयुक्त भएको देखिन्छ ।

अतः कक्षा शिक्षण गर्दा देखिएका समस्याहरूको समाधान गर्ने गरी तयार पारिने गुणात्मक अनुसन्धान नै कार्यमूलक अनुसन्धान शिक्षक विद्यार्थीको व्यक्तिगत वा सामूहिक समस्या समाधान गर्न शिक्षक स्वयम् आफै अनुसन्धानको क्षेत्रमा गएर अनुसन्धान गरिन्छ । यसरी अनुसन्धानले शिक्षणलाई प्रभावकारी बनाउँछ ।

## ४.३ कार्यमूलक अनुसन्धानसँग सम्बन्धित खुल्ला प्रश्नावलीको विश्लेषण

शिक्षण सिकाइका सिलसिलामा कक्षाकोठामा देखिएका समस्या समाधान गर्न शिक्षक स्वयम्ले आफ्ना लागि गरिने अनुसन्धान कार्यमूलक अनुसन्धान हो । यो अध्ययन नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्थासँग सम्बन्धित छ । तसर्थ शिक्षकहरूलाई नेपाली भाषा शिक्षण र कार्यमूलक अनुसन्धानसँग सम्बन्धित खुल्ला र बन्द प्रश्न निर्माण गरी विश्लेषण गरिएको छ । यहाँ तिनै खुल्ला प्रश्नावलीहरूको विश्लेषण यसरी गर्न सकिन्छ :

### ४.३.१ कार्यमूलक अनुसन्धान सम्बन्धित बुझाइ

कार्यमूलक अनुसन्धान शिक्षकहरूको सम्बन्धी प्रतिक्रियाको आधारमा यसरी क्रमिक विश्लेषण गरिन्छ :

## तालिका ३५

## कार्यमूलक अनुसन्धानसँग सम्बन्धित बुझाइ

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गुणात्मक अनुसन्धान | ४ | २० |
| खोजमूलक कार्य | २ | १० |
| तत्काल गरिने कार्य | २ | १० |
| समस्याको पहिचान | ११ | ५५ |
| समस्याको छलफल र अभ्यास | १४ | ७० |
| समस्या समाधान | १८ | ९० |
| पेसागत दक्षताको विकास | १ | ५ |
| आफैले गर्ने कार्य | १ | ५ |

तालिका १ मा शिक्षकहरूको कार्यमूलक अनुसन्धानसँग सम्बन्धित बुझाइलाई प्रतिशतमा व्यक्त गरिएको छ । बीस जना शिक्षकको प्रतिक्रिया हेर्दा कार्यमूलक अनुसन्धानलाई गुणात्मक अनुसन्धान, खोजमूलक कार्य, समस्याको पहिचान र समस्याको छलफल र अभ्यास, समस्या समाधान, पेसागत दक्षताको विकास र शिक्षकले स्वयम् गर्ने कार्यका रूपमा बुझेको पाइयो । माथिको तथ्याङ्क बीसलाई १००% प्रतिशतको आधारमा प्रस्तुत गरिएको छ । त्यसको आधारमा हेर्दा कार्यमूलक अनुसन्धानलाई २०% गुणात्मक अनुसन्धान, १०% ले खोजमूलक कार्य, १०% तत्काल  गरिने कार्यको रूपमा बुझेको पाइन्छ । त्यस्तै गरी ५५% ले समस्याको पहिचानको रूपमा, ७०%  समस्याको छलफल र अभ्यास ९०% सस्या समाधानको रूपमा लिएको देखिन्छ । साथै ५% पेसागत दक्षताको विकास र ५% शिक्षक स्वयम् आफैँले गर्ने कार्यको रूपमा लिएको देखियो । अतः माथिको तालिकालाई हेर्दा मूलतः कार्यमूलक अनुसन्धानलाई समस्याको पहिचान, छलफल, अभ्यास र समाधानको रूपमा लिने गरेको देखियो ।

तालिका ३६

कार्यमूलक अनुसन्धानका चरणहरू

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| योजना | २० | १०० |
| कार्य | २० | १०० |
| अवलोकन | २० | १०० |
| प्रतिविम्बन | २० | १०० |

तालिका २ मा शिक्षकहरूको कार्यमूलक अनुसन्धानका चरणहरूलाई प्रतिशतमा देखाइएको छ । बीसजना शिषकको प्रतिक्रियालाई हेर्दा सबै शिक्षकमा कार्यमूलक अनुसन्धानका चरणबारे जानकारी भएको देखिन्छ ।

### ४.३.२ नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका क्षेत्रहरू

बीस जना शिक्षकले दिएका प्रतिक्रियाका आधारमा यसरी विश्लेषण गर्न सकिन्छ :

तालिका ३७

नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका क्षेत्रहरू

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भाषिक सीप | १७ | ८५ |
| भाषा तत्व/व्याकरण | १५ | ७५ |
| व्यावहारिक लेखन | २ | १० |
| उखान टुक्काको प्रयोग | २ | १० |
| विद्यार्थीको व्यक्तिगत समस्या समाधान | ३ | १५ |
| सिकाइ उपलब्धि | १ | ५ |

तालिका ३ मा नेपाली भाषा शिक्षणका कार्यमूलक अनुसन्धानमा क्षेत्रहरूलाई प्रतिशतमा राखिएको छ । माथिको तालिकालाई हेर्दा विशेष गरी भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) का क्षेत्रमा बढी प्रयोग गर्न सकिन्छ । जसअन्तर्गत ८५% ले भाषिक सीप, ७५% ले भाषा तत्व/व्याकरणका क्षेत्रमा र १०% व्याकरणिक लेखनका क्षेत्रमा कार्यमूलक अनुसन्धान गर्न सकिने विचार व्यक्त गरेका छन् । त्यस्तै गरेर १०% उखान टुक्काको प्रयोगको क्षेत्रमा विद्यार्थीको व्यक्तिगत समस्या समाधानमा १५% ले र सिकाइ उपलब्धिको क्षेत्रमा ५% ले सिकाइ उपलब्धिका क्षेत्रमा कार्यमूलक अनुसन्धान गर्न सकिन्छ । यसरी हेर्दा मूलतः भाषिक सीप भाषातत्व र व्यक्तिगत समस्या समाधानका क्षेत्रमा कार्यमूलक अनुसन्धान गर्न सकिन्छ ।

**तालिका ३८**

**अनुसन्धान पूर्व र पश्चात् शिक्षणको प्रभावकारिता**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रभावकारी | १५ | ८० |
| सुधारात्मक | १५ | ७५ |
| सामान्य | ५ | २५ |
| कमजोर | १ | ५ |

तालिका ४ मा कार्यमूलक अनुसन्धान गर्नुपूर्व र त्यसपश्चात् शिक्षणमा आएको परिवर्तनलाई प्रतिशतमा व्यक्त गरिएको छ । शिक्षकहरूले दिएका प्रतिक्रियाका आधारमा शिक्षण प्रभावकारी, सुधारोन्मुख, सामान्य र कमजोर भएका विचारहरू प्रस्तुत भएको छ । उक्त तालिकाको आधारमा हेर्दा ८०% ले कक्षा प्रभावकारी भएको, ७५% को कक्षा सुधारोन्मुख भएको, २५% को कक्षा सामान्य र ८५% को कक्षा कमजोर भएको दृष्टिकोण राखेको पाइयो । यसरी हेर्दा यस्तो अनुसन्धनबाट समग्रमा कक्षा शिक्षणमा सुधारोन्मुख तथा प्रभावकारी हुने देखिन्छ ।

तालिका ३९

शिक्षकको कार्यमूलक अनुसन्धानका क्षेत्रहरू

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शैक्षिक सामग्री | ५ | २५ |
| शिक्षण विधि | ८ | ४० |
| शिक्षण सिकाइ क्रियाकलाप | ४ | २० |
| मूल्याङ्कन | ५ | २५ |
| पेसागत दक्षता विकास | २ | १० |
| प्रशासनिक क्षेत्रमा | १ | ५ |
| शिक्षकका सबै क्षेत्रमा | २ | १० |

तालिका ४ मा शिक्षकका विषयमा गरिने अनुसन्धानलाई प्रतिशतमा व्यक्त गरिएको छ । यसरी शिक्षकले दिएका प्रतिक्रियाको आधारमा हेर्दा शिक्षकले प्रयोग गर्ने शैक्षिक सामग्री, शिक्षण विधि, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन, पेसागत दक्षता प्रशासनिक तथा शिक्षक सम्बद्ध सबै क्षेत्रमा अनुसन्धान गर्न सकिन्छ । माथिकै तालिकालाई आधारभन्दा, शिक्षकका कार्यमूलक अनुसन्धान गर्दा २५% ले शैक्षिक सामग्री, ४०% ले शिक्षण विधि र २०% ले शिक्षण सिकाइ क्रियाकलापजस्ता क्षेत्रमा अनुसन्धन गर्न सकिन्छ । साथै १०% ले शिक्षकको पेशागत विकासका क्षेत्रमा ५% ले प्रशासनिक क्षेत्रमा तथा १०% ले शिक्षकका सबै क्षेत्रमा अनुसन्धान गर्ने प्रतिक्रिया पाइयो । यसरी हेर्दा शिक्षकको शिक्षण सिकाइ तथा पेसागत विकासका सम्बद्ध क्षेत्रमा कार्यमूलक अनुसन्धान गर्न सकिन्छ ।

# अध्याय पाँच

# नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका समस्या

काम गर्दै जाँदा देखिएका समस्या समाधानका लागि गरिने अनुसन्धान नै कार्यमूलक अनुसन्धान हो । नेपाली भाषा शिक्षणका विभिन्न स्वरूपका समस्याहरू देखापर्दछन् । कुनै समस्या सामान्य प्रकृतिको हुन्छ भने कुनै समस्या जटिल प्रकृतिको हुन्छ । सामान्य अनुसन्धानबाट कतिपय समस्याहरू समाधान हुन सक्छ तर कतिपय जटिल समस्या समाधानका लागि विशिष्ट प्रकारका अनुसन्धान गर्नु वाञ्छनीय हुन्छ ।

केही समस्या भाषा शिक्षणसँग सम्बद्ध हुन्छन् भने कतिपय समस्या स्वयम् कार्यमूलक अनुसन्धानसँग नै सम्बन्धित छन् । नेपाली भाषा शिक्षणमा देखिएका केही समस्याहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

## ५.१ दोस्रो भाषाको कक्षामा समस्या : कार्यमूलक अनुसन्धान

तालिका ४०

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वर्णविन्यासमा समस्या | १७ | ८५ |
| उच्चरणमा समस्या | १७ | ७० |
| आदरार्थीको समस्या | ५ | २५ |
| भाषिक सीपमा समस्या | १९ | ९५ |
| शब्दार्थको समस्या | ६ | ३० |
| उखान टुक्काको समस्या | ३ | १५ |
| नियमित उपस्थितिको समस्या | ११ | ५५ |
| बढ्दो अनुत्तीर्ण दर | १३ | ६५ |
| अनुच्छेद लेखन | ५ | २५ |

तालिका १ मा दोस्रो भाषाको रूपमा नेपाली पढ्ने विद्यार्थीको लागि कार्यमूलक अनुसन्धान गर्ने क्षेत्रहरूलाई प्रतिशतमा व्यक्त गरिएको छ । यसरी तालिकालाई हेर्दा वर्णविन्यासका क्षेत्रमा ८५%, उच्चारणमा ७०%, आदरार्थीको प्रयोग २५% ले कार्यमूलक अनुसन्धान गर्नुपर्ने बताएका छन् । त्यस्तै गरेर ९५% ले भाषिक सीपका क्षेत्रमा शब्दार्थको प्रयोगमा ३०% उखान टुक्काको प्रयोगमा १५% ले कार्यमूलक अनुसन्धान गर्नुपर्ने बताएका छन् । नियमित उपस्थितिको क्षेत्रमा ५५% बढ्दो अनुत्तीर्ण दरमा ६५% र अनुच्छेद लेखनका क्षेत्रमा २५% ले यस प्रकारको अनुसन्धान गर्न सकिने बताएका छन् । मूलतः दोस्रो भाषाको रूपमा नेपाली शिक्षण गर्ने विद्यार्थीका लागि वर्णविन्यास भाषिक सीप, शब्दको प्रयोग जस्ता क्षेत्रमा बढी समस्या रहने र त्यस्तै क्षेत्रमा कार्यमूलक अनुसन्धान गर्न सकिने हुन्छ ।

**तालिका ४१**

**सुनाइ सीपसम्बद्ध समस्याहरू**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाग्र भएर नसुन्ने | १८ | ९० |
| आंशिक मात्र सुन्ने | १५ | ७५ |
| व्यक्तिगत अपाङ्गता समस्या | १ | ५ |
| भौतिक समस्या | २ | १० |
| शिक्षकले आवाजको समस्या | १ | ५ |

तालिका २ मा कक्षाकोठामा सुनाइ सीप सम्बद्ध समस्यालाई प्रतिशतमा व्यक्त गरिएको छ । प्रस्तुत तालिकालाई हेर्दा सबैभन्दा बढी विद्यार्थीहरूमा एकाग्र भएर नसुन्ने समस्या रहेको देखिन्छ । त्यसका साथै आंशिक सुनाइ, व्यक्तिगत अपाङ्गता, भौतिक असुविधा शिक्षकको कारणले पनि सुनाइ सीपको विकासमा समस्या आउने गरेको मतहरू रहेका छन् । माथिको तालिकालाई आधार मान्दा एकाग्र भएर नसुन्ने ९०% आंशिक मात्र सुन्ने ७५% र व्यक्तिगत अपाङ्गताको समस्या ५% ले सुनाइ सीपमा समस्या ल्याएको

देखिन्छ । त्यस्तै कक्षाकोठाको भौतिक वातावरणमा १०% र शिक्षकको आवाजका कारण ५% ले सुनाइ सीपमा समस्या भोग्नु परेको बताएका छन् ।

तालिका ४२

**बोलाइ सीप सम्बद्ध समस्या**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शुद्ध र स्पष्ट बोल्न नसक्ने | १९ | ९५ |
| निर्धक्क वा लजाउने | २ | १० |

तालिका ३ मा बोलाइ सीप सम्बद्ध समस्यालाई प्रतिशतमा देखाइएको छ । माथिको तालिकाको आधारमा हेर्दा शिक्षकहरूले मूलतः विद्यार्थी वा शिक्षकहरूमा शुद्ध र स्पष्ट बोल्न नसक्ने र लजाउने वा निर्धक्क बोल्न नसक्ने समस्या देखिएका छन् । त्यसमा पनि शुद्ध र स्पष्ट बोल्न नसक्ने समस्या ९५% र लजाउने वा धकाउनेमा १०% रहेको छ । यसरी हर्दा शुद्ध र स्पष्ट बोल्न नसक्ने समस्या सबैभन्दा बढी रहेको प्रस्ट हुन्छ ।

तालिका ४३

**पढाइ सीप सम्बद्ध समस्या**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| यति गतिको समस्या | १७ | ८५ |
| शुद्ध र स्पष्ट वाचनको समस्या | १९ | ९५ |

तालिका ४ मा पढाइ सीप सम्बद्ध समस्यालाई प्रतिशतमा व्यक्त गरिएको छ । जसअन्तर्गत सबैभन्दा बढी शुद्ध र स्पष्ट वाचनको समस्या बढी रहेको छ । उक्त तालिकाको आधारमा यति, गति वा आरोह अवरोह मिलाइ पढ्ने समस्या ८५%, शुद्ध र स्पष्ट वाचनको समस्या ९५% रहेको देखिन्छ । तसर्थ कार्यमूलक अनुसन्धानले विद्यार्थीको शुद्ध र स्पष्ट वाचनको समस्या समाधानमा केन्द्रित हुनु वाञ्छनीय हुन्छ ।

तालिका ४४

**लेखाइ सीप सम्बद्ध समस्या**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वर्णविन्यासगत समस्या | १८ | ९० |
| व्याकरणगत समस्या | १६ | ८० |
| लेख्य चिह्नको समस्या | १५ | ७५ |
| वाक्य गठनगत समस्या | १३ | ६५ |
| स्वतन्त्र लेखनको समस्या | ४ | २० |
| भाव विस्तार लेखनको समस्या | २ | १० |
| अन्य | १ | ५ |

तालिका ५ मा लेखाइ सीप सम्बद्ध समस्यालाई प्रतिशतमा प्रस्तुत गरिएको छ। उक्त तालिकालाई आधार मान्दा लेखाइ सीप अन्तर्गत वर्णविन्यासगत, व्याकरणगत, लेख्य चिह्न प्रयोग, वाक्यगठन, स्वतन्त्र लेखन, भाव विस्तार र अन्य समस्याहरू रहने मत व्यक्त गरेका छन्। विशेष गरेर वर्णविन्यासगत समस्यामा ९०%, व्याकरणगत समस्यामा ८०% र लेख्य चिह्नको प्रयोग समस्या ७५% ले गरेको मत व्यक्त गरेका छन्। त्यस्तै गरी वाक्य गठनगत समस्या ६५%, स्वतन्त्र लेखनको समस्या २०%, भाव विस्तारको समस्या १०% र अन्य समस्या ५% ले गर्ने गरेको मत प्राप्त भएको छ। यसरी हेर्दा विशेष गरी वर्णविन्यासगत र व्याकरणगत समस्या हुने गरेको देखिन्छ। त्यस्तै शिक्षकले कार्यमूलक अनुसन्धान गर्न मूलतः यी र यस्तै समस्याहरूको समाधान केन्द्रित हुन आवश्यक छ।

तालिका ४५

**भाषिक सीप समाधानका चुनौती**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| यति गति मिलाएर शुद्ध प्रयोग | ९ | ४५ |
| सुनेका कुरा स्पष्टसँग प्रस्तुत गर्नु | ५ | २५ |
| एकाग्र सुनाइको विकास गर्नु | ४ | २० |
| स्वतन्त्र लेखन | १३ | ६५ |

तालिका ६ मा भाषिक सीप समस्या समाधानका चुनौतीलाई प्रतिशतमा देखाइएको छ । प्रस्तुत तालिकालाई हेर्दा विद्यार्थीको भाषिक सीप विकासअन्तर्गत लेखाइ सीपको विकासमा बढी चुनौती रहेको देखिन्छ भने सुनाइ सीप विकासमा कार्यमूलक अनुसन्धान कम पाइन्छ । माथिको तालिकाको आधारमा यति, गति तथा शुद्ध र स्पष्ट प्रयोगमा ४५%, सुनेका कुरालाई स्पष्ट प्रयोगमा २५%, एकाग्र सुनाइको विकासमा २०% र स्वतन्त्र लेखनको विकासमा ६५% ले चुनौती रहेको मत अघि सारेका छन् । यसरी हेर्दा मूलतः यस प्रकारको अनुसन्धानले लेखाइ सीपको विकासमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

तालिका ४६

**शैक्षिक सामग्रीको प्रयोगको समस्या**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालमनोविज्ञान अनुरूप शैक्षिक सामग्रीको अभाव | ५ | २० |
| शैक्षिक सामग्रीको प्रयोग | १८ | ९० |
| शैक्षिक सामग्री भण्डारको समस्या | ३ | १५ |
| प्रत्येक पाठ सम्बद्ध सामग्री निर्माणको गर्न नसक्नु | २ | १० |

तालिका ७ मा शैक्षिक सामग्रीको प्रयोगमा देखिने समस्यालाई प्रतिशतमा देखाइएको छ । प्रस्तुत तालिकालाई हेर्दा शैक्षिक सामग्रीको निर्माण र त्यसको प्रयोगमा धेरै चुनौती रहेको देखिन्छ । शिक्षकहरूले दिएको मतका आधारमा हेर्दा बालमनोविज्ञान अनुरूप शैक्षिक सामग्रकिो अभावमा २०%, शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा ९०%, शब्दभण्डारको समस्यामा १५% र पाठ सम्बद्ध सामग्रीको निर्माण गर्न नसक्नुमा १०% ले चुनौती रहेको मत राखेका छन् । यसरी यही मतको आधारमा भन्दा शैक्षिक सामग्रीको प्रयोगमा बढी चुनौती रहेको मत राखेका छन् ।

**तालिका ४७**

**साहित्यिक विधामा समस्या**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कथा | ५ | २५ |
| कविता | १८ | ९० |
| निबन्ध | १३ | ६५ |
| जीवनी | २ | १० |
| अन्य | ६ | ३० |

तालिका ८ मा साहित्यिक विधामा हुने समस्यालाई प्रतिशतमा व्यक्त गरिएको छ । उक्त तालिकालाई हेर्दा मूलतः कविता विधामा बढी समस्या रहेको छ । यसरी हेर्दा कथा विधामा २५% ले, कविता मा ९०%, निबन्धमा ६५%, जीवनीमा १०% र अन्य विधामा ३०% ले समस्या रहेको बताएका छन् । अतः साहित्यिक विधाहरूमध्ये कविता विधामा धेरै समस्या रहेकाले बताएका छन् । अतः साहित्यिक विधाहरूमध्ये कविता विधामा धेरै समस्या रहेकाले यही विधामा बढी अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

## ५.२ कार्यमूलक अनुसन्धान प्रयोगमा देखिएका समस्याहरू

कक्षा शिक्षणको बेलामा देखिएका विविध समस्या समाधान गर्ने उद्देश्यल गरिने अनुसन्धान नै कार्यमूलक अनुसन्धान हो । यसमा प्रयोगकर्ता तथा उपभोगकर्ता शिक्षक स्वयम् हुने गर्दछ । यसको मुख्य उद्देश्य भनेको प्रभावकारी शिक्षण गरी शिक्षकको पेसागत दक्षतामा सुधार ल्याउनु हो ।

कार्यमूलक अनुसन्धान एउटा सुधारात्मक प्रकृतिको अनुसन्धान हो । यसमा समस्याको समाधान नभएसम्म यो प्रक्रिया निरन्तर चलिरहन्छ । नेपालका अधिकांश कक्षाकोठा बहुभाषा बोल्ने विद्यार्थीले भरिभराउ छन् । यस्तो अवस्थामा यसका समस्याहरू पनि विविध स्वरूपका रहेका छन् । नमुना छनोटमा रहेका प्रतिनिधिमूलक जनसङ्ख्याले व्यक्त गरेका कार्यमूलक अनुसन्धान प्रयोगका समस्याहरूलाई क्रमिक रूपमा प्रस्तुत गर्न सकिन्छ ।

### (क) शिक्षकहरूमा सैद्धान्तिक ज्ञानको निरन्तरता नहुनु

कतिपय शिक्षकहरूमा कार्यमूलक अनुसन्धान र घटना अध्ययन एकै किसिमको हुने भन्ने मत देखिएको छ । कार्यमूलक अनुसन्धानसम्बन्धीको सैद्धान्तिक ज्ञानप्रति पुनर्ताजकीको अभावमा यस्ता समस्याहरू देखिएका छन् । कार्यमूलक अनुसन्धानलाई फरक ढङ्गबाट बुझ्दा यसबाट समस्या समाधान हुन सक्दैन । त्यस्तै यसका चरणहरूमा कतिपय शिक्षकहरू अन्योलमा परेको समेत पाइयो । त्यसैले शिक्षकहरूमा सैद्धान्तिक ज्ञानको निरन्तरता नहुँदा कार्यमूलक अनुसन्धान प्रयोगमा समस्या रहेको छ ।

### (ख) सामग्रीको अभाव

कार्यमूलक अनुसन्धान विशिष्ट प्रकृतिको अनुसन्धान हो । यसमा समस्याहरूको समाधानमा विशेष जोड दिने गरिन्छ । यस प्रकारको अनुसन्धान प्रयोग गर्दा विभिन्न प्रकारका सामग्रकि आवश्यक पर्दछ । त्यस्ता सामग्रीको अभाव रहँदा समस्याको समाधान नहुने देखिन्छ । तसर्थ सामग्रीको अभावमा समस्या समाधान गर्न पर्याप्त सामग्री चाहिन्छ भन्ने मत व्यक्त गरेका छन् ।

(ग) **अनुसन्धान गर्नेलाई प्रोत्साहन नगरिनु**

शिक्षा ऐनले विद्यालय तहका शिक्षकलाई वार्षिक रूपमा एउटा कार्यमूलक अनुसन्धान गर्नुपर्ने प्रावधान राखेको छ । त्यसैले स्थायी शिक्षकहरूले गरे तापनि अस्थायी शिक्षकहरूले भने गर्नु पर्दैन । वार्षिक रूपमा धेरैजटा अनुसन्धान गर्ने र एउटा मात्र गर्नेलाई एउटै रूपमा लिइँदा गर्नेलाई प्रोत्साहन मिल्ने देखिँदैन ।

(घ) **गुणात्मकभन्दा परिमाणात्मक अनुसन्धानमा जोड दिनु**

विद्यालय तहका सम्पूर्ण शिक्षकले वार्षिक रूपमा एउटा अनुसन्धान गर्नु पर्ने हुन्छ । यसरी गरिएका अनुसन्धान सबै गुणात्मक हुन्छन् भन्न सकिँदैन । नमुना छनोटमा रहेका शिक्षकहरूले गरेका कार्यमूलक अनुसन्धानमध्ये कतिपय अनुसन्धन वास्तविक (कार्यमूलकको मर्मअनुसार) भएको पाइँदैन । सङ्ख्यात्मक रूपमा धेरै भए पनि गुणात्मक रूपले राम्रो देखिएको छैन । तसर्थ कार्यमूलक अनुसन्धान गुणात्मकभन्दा पनि परिमाणात्मक पक्षलाई बढी जोड दिने खालका छन् ।

(ङ) **शिक्षकहरूमा अपनत्वको अभाव**

कुनै पनि कामलाई अपनत्वको रूपमा लिइँदैन तबसम्म त्यसमा प्रभावकारिता आउँदैन । त्यसैले हरेक काममा अपनत्वको महसुस हुनु पर्दछ । कार्यमूलक अनुसन्धानलाई जबरजस्ती भन्दा पनि मैले गर्नुपर्ने काम हो भनेर अपनत्वको विकास गराउन सक्नुपर्छ । कतिपय शिक्षकमा अपनत्वको अभावमा कार्यमूलक अनुसन्धान सही रूपमा हुन सकेको छैन ।

(च) **तालिमको अभाव**

शिक्षण पेसालाई प्रभावकारी बनाउनको लागि शिक्षणमा नियमित तालिमको आवश्यकता पर्दछ । तसर्थ नियमित तालिम प्राप्त शिक्षकले गर्ने शिक्षण र तालिम अप्राप्त भएमा शिक्षण प्रभावकारी बन्न सक्दैन । सबै शिक्षकहरूमा तालिमको सुलभता नहुँदा विद्यार्थीका वास्तविकता समस्या समाधान हुन सक्दैन । त्यसैले शिक्षकहरूमा तालिमको अभावले गर्दा कार्यमूलक अनुसन्धान प्रयोगमा समस्या रहेको छ ।

## (छ) अनुगमन र निरीक्षणको अभाव

जति धेरै वास्तविक अनुगमन र निरीक्षण हुन्छ त्यति नै समस्याको समाधान हुन्छ । तसर्थ निरीक्षण आवश्यक देखिन्छ । नेपाली भाषा शिक्षणमाथि गरिने अनुसन्धानमा निरन्तर निरीक्षण भएको पाइँदैन । तसर्थ कतिपय समस्याहरूको समाधान हुन सकेको देखिँदैन । भएका वा गरेका कामहरूको व्यावहारिकता परीक्षणको लागि नियमित अनुगमन गर्नु पर्दछ ।

अतः कार्यमूलक अनुसन्धानको प्रयोगबाट कक्षाकोठाभित्र देखिएका समस्याहरू समाधान गर्न सकिन्छ । यसबाट शिक्षकको पेसागत दक्षतामा विकास गरी शिक्षणलाई गुणात्मक तथा प्रभावकारी बनाउन सकिन्छ । कार्यमूलक अनुसन्धान गर्नु आफैमा जटिल तथा चुनौतिपूर्ण कार्य हो । तसर्थ कतिपय समस्याकै कारणले वास्तविक समस्या सहुन सक्दैन । शिक्षकमा तालिमको अभाव, अनुगमन तथा निरीक्षणको अभाव शैक्षिक सामग्रीको अभाव, अपनत्वको अभाव, गुणात्मकभन्दा परिमाणात्मक अनुसन्धानले स्थान पाउनु, कार्यमूलक अनुसन्धानलाई जबरजस्ती ठान्नु आदि कारणले कार्यमूलक अनुसन्धान प्रयोममा समस्या देखिएका छन् । त्यस्तै भाषाका चार सीपमध्ये लेखाइ सीपलाई मात्र जोड दिनु अर्को समस्या हो ।


# अध्याय छ

## नेपाली भाषा शिक्षणका कार्यमूलक अनुसन्धानका समस्याहरूमा समाधानका उपाय


विद्यालय समाजको एउटा नमुना रूप हो । समाज जसरी विविधता युक्त छ त्यसरी नै कक्षाकोठामा पनि पृथक् रूप प्रस्ट देखिन्छ । त्यसैले यस्तो विविध स्वरूप भएको कक्षाकोठामा भाषा शिक्षण गर्नु आफैँमा विशिष्ट कार्य हो । समस्या नभएको कक्षाकोठा पाउन सम्भव छैन । समस्या सबैतिर हुन्छ तर यसको संरचना/स्वरूप फरक रहन सक्छ । समस्या कुनै सामान्य त कुनै जटिल प्रकृतिका पनि हुन सक्छन् । सामान्य समस्याहरू सामान्य अनुसन्धान वा कार्यबाटै समाधान हुन सक्छन् तर जटिल प्रकृतिका समस्याका लागि भाषिक अनुसन्धान गर्नुपर्दछ । यसरी हेर्दा विशिष्ट प्रकृतिका समस्या समाधानका लागि खास खास प्रकारका अनुसन्धान निरन्तर रूपमा गर्नु सार्थक हुन्छ । यसरी गरिने अनुसन्धानबाट समस्या समाधान भई भाषा शिक्षण प्रभावकारी बन्न जान्छ ।

नेपाली भाषा शिक्षणमा देखिएका समस्या समाधान गर्नका लागि कार्यमूलक अनुसन्धानलाई प्रयोग गरिँदै आएको छ । यसरी प्रयोग गरिरहँदा विभिन्न प्रकारका समस्याहरूको सामना गर्नुपर्दछ । यसरी आउने समस्या समाधानका लागि कार्यमूलक अनुसन्धानको प्रयोग गर्नु पर्दछ । भाषाका सुनाइ,बोलाइ, पढाइ र लेखाइजस्ता चारवटा भाषिक सीपहरूमा समसय आउन सक्छन् । भाषिक सीपहरूमा देखापरेका समस्या समाधानका लागि शिक्षकहरूले गर्ने प्रयासलाई यसरी देखाउन सकिन्छ । कार्यमूलक अनुसन्धान निरन्तर चलिरहने प्रक्रिाय हो । यो समस्या समाधान नभएसम्म पटक पटक/ निरन्तर रूपमा चलिरहन्छ । सबै शिक्षकहरूले समस्या समाधान गर्दा यसरी गरेको देखियो ।


पहिलो चक्र





दोस्रो चक्र




तेस्रो चक्र




चौथो चक्र




अतः माथि उल्लिखित चक्र समस्याको समाधान नभएसम्म निरन्तर चलिरहन्छ । तसर्थ समस्या समाधान नभएसम्म यो प्रक्रिया धेरैवटा चक्रमा लम्बिन सक्छ ।

**तालिका ४८**

**भाषिक सीप समाधानका प्रयास**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामान्य प्रक्रियाबाट | ८ | ४० |
| अनुसन्धान प्रक्रियाबाट | १२ | ६० |

तालिका १ मा भाषिक सीप समस्या समाधानका प्रयासहरूलाई प्रतिशतमा देखाइएको छ । माथिको तालिकालाई हेर्दा प्रायःजसो शिक्षकहरूले विभिन्न प्रकारका अनुसन्धानबाट समस्याको समाधानमा जोड दिने गरेको मत व्यक्त गरेका छन् । उक्त

तालिकालाई आधार मान्दा ४०% शिक्षकले सामान्य प्रक्रियाबाट समस्या समाधान गर्ने गरेको देखियो भने ६०% ले चाहिँ अध्ययन अनुसन्धान प्रक्रियाबाट भाषिक सीपका समस्या समाधान गर्ने गरेको देखियो । यसरी हेर्दा भाषिक सीपको विकासमा कार्यमूलक अनुसन्धन गर्नु सार्थक हुन्छ । अध्ययन अनुसन्धनबाट समस्या समाधान प्रभावकारी हुने देखिन्छ ।

**तालिका ४९**

**समस्या समाधानमा कार्यमूलक अनुसन्धानको प्रयोग**

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पहिलो चक्र<br>योजना निर्माण, कार्य, अवलोकन र प्रतिविम्बन | २० | १०० |
| दोस्रो चक्र<br>पुन : योजना निर्माण, कार्य, अवलोकन र प्रतिविम्बन | २० | १०० |

तालिका २ मा समस्या समाधानमा कार्यमूलक अनुसन्धानको प्रयोगलाई प्रतिशतमा देखाइएको छ । कार्यमूलक अनुसन्धानका सम्बन्धमा शिक्षकको बुझाइ सकारात्मक रहेको देखिन्छ । कुनै पनि समस्या समाधानमा सर्वप्रथम योजनाको निर्माण, कार्य, अवलोकन र प्रतिविम्बनको चरणमा अगाडि बढ्ने कुरामा शतप्रतिशत शिक्षकको मत रहेको देखिन्छ । साथै उक्त समस्या समाधान नभएसम्म यो प्रक्रिया निरन्तर चलिरहन्छ ।

## ६.१ कार्यमूलक अनुसन्धानमा देखिएका समस्याको समाधानका उपायहरू

कार्यमूलक अनुसन्धान शिक्षकले आफ्नो शिक्षणमा देखिएका समस्या समाधान गर्नको लागि प्रयोग गरिन्छ । सबैको समस्या एउटै हुँदैन । त्यसपनि एक पटक मात्र गरेर हुँदैन । समस्या समाधान नभए सम्म यो निरन्तर चलिरहन्छ । यो एउटा विशिष्ट प्रकारको अनुसन्धान हो । त्यसैले सबैले यस्तो अनुसन्धान गर्न सक्दैन । त्यस क्रममा विभिन्न प्रकारका समस्याहरू देखिन्छन् । तसर्थ त्यस्ता समस्या समाधानका लागि निम्न कार्यहरू गर्न सकिन्छ :

### (क) प्रशस्त तालिमको व्यवस्था

एक पटक लिएको ज्ञान तथा तालिमले सधैंभरी पुग्दैन । त्यसैले धेरैभन्दा धेरै तालिमको व्यवस्था गर्नुपर्दछ । जसले अनुसन्धानलाई व्यावहारिक बनाउँछ । शिक्षकहरूमा धेरै तालिमको व्यवस्थाले अनुसन्धानलाई समाधानोन्मुख बनाउँछ ।

(ख) **अनुगमन तथा निरीक्षणको व्यवस्था**

शिक्षकहरूले गरेका नमुना कार्यमूलक अनुसन्धानको निरीक्षण तथा अनुगमनबाट त्यसका समस्याको पहिचान गर्न गरी समस्याको समाधान गर्न सकिन्छ । साथै यसरी ग रिने अनुगमनबाट कार्यमूलक अनुसन्धानमा भएका कमीकमजोरीलाई निराकरण गर्न सकिन्छ ।

(ग) **परिमाणात्मक भन्दा गुणात्मक अनुसन्धानमा जोड**

कार्यमूलक अनुसन्धान सङ्ख्यात्मक रूपमा धेरै हुनुभन्दा पनि गुणात्मक रूपले राम्रो हुनु उत्कृष्ट मानिन्छ। परिमाणात्मक पक्षमा जोड दिँदा सङ्ख्या बढे तापनि त्यसको गुण पक्ष बढ्ने सम्भावना हुँदैन । परिमाणात्मक अनुसन्धानलाई जोड दिने परिपाटी अन्त्य भएमा मात्र गुणात्मक अनुसन्धानले स्थान पाउन सक्छ।

(घ) **शिक्षकमा अपनत्वको भावनाको विकास**

जुनसुकै काममा पनि अपनत्वको विकास भयो भने त्यसले राम्रो गुणात्मकता प्रस्तुत गर्दछ । शिक्षकहरूमा जति धेरै रचनात्मक कार्य हुन सक्यो त्यति नै शैक्षिक सुधार हुन सक्छ । कक्षाकोठामा देखिएका समस्या समाधानका लागि शिक्षकमा कार्यमूलक अनुसन्धान गर्नुपर्छ भन्ने भावनाको विकास भएमा त्यस्ता समस्या दुर हुन सक्छ।

(ङ) **प्रोत्साहन र सजायको व्यवस्था**

कक्षाकोठामा देखिएका समस्या समाधान गर्न सबैले कार्यमूलक गर्नुपर्दछ । गर्ने र नगर्नेलाई एउटै ठाउँमा राखेर हेर्नु हुँदैन । अनुसन्धान गर्नेलाई प्रोत्साहनको र नगर्नेलाई सजायको व्यवस्था गर्न सकेमा भने त्यसले सकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले यसप्रकारको व्यवस्थाले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्न सक्छ।

अतः कार्यमूलक अनुसन्धानले शैक्षिक गुणस्तरमा सुधार ल्याउन सक्छ। कक्षाकोठामा देखिएका समस्या समाधान गर्न यसप्रकारको अनुसन्धानको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । कार्यमूलक अनुसन्धान प्रयोगमा देखिएका समस्याहरूलाई समाधान गर्न सकेमा शैक्षिक गुणस्तर उच्च हुँदै जाने निश्चित छ।

# अध्याय सात

# सारांश, निष्कर्ष, सुझाव र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य 'नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको प्रयोग अवस्था' विषयक शीर्षक सम्बन्धित रहेको छ । यस अध्ययनलाई पूर्णता दिन कार्यमूलक अनुसन्धान र नेपाली भाषा शिक्षण विषय सम्बद्ध प्रश्नावली र मतावलीको आधारमा विश्लेषण गरिएको छ । कक्षाकोठामा शिक्षण गर्दा देखिएका समस्या समाधान गर्ने गरी शिक्षकले आफ्ना लागि तयार पारिएको अनुसन्धानलाई कार्यमूलक अनुसन्धान हो । यस प्रकारको अनुसन्धानमा समस्याको पहिचान गरी त्यसै अनुरूप योजनाको निर्माण, कार्य, अवलोकन र प्रतिविम्बनको प्रक्रियाबाट अगाडि बढ्ने गरिन्छ । यो प्रक्रिया निरन्तर चलिरहन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता ग्रहण सीप र अभिव्यक्ति सीपमा सक्षमता आउनु भाषा शिक्षण हो । यो अध्ययन नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको अवस्था, समस्या तथा समधानका उपायसँग निकट रहेको छ । प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको वर्तमान अवसथा के कस्तो रहेको छ ? तिनका समस्याहरू के के रहेका छन् ? र समाधानका उपायहरू कस्ता कस्ता छन् ? भन्ने समस्याकथन रहेको छ ।

यो अध्ययन नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानका समस्याको पहिचान गर्नु र समस्या समाधानका उपायहरूको निरूपण गर्नु जस्ता उद्देश्यसँग सम्बद्ध रहेको छ । यिनै उद्देश्यलाई टेकेर व्याख्या, विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध काठमाडौँ जिल्लाका २० वटा विद्यालयमा अध्ययन गराउने २० जना शिक्षक/शिक्षिकालाई प्राथमिक स्रोतको सूचकको रूपमा छनोट गरिएको छ । साथै उनीहरूले गरेका कार्यमूलक अनुसन्धानलाई विश्लेषणको एउटा पाटोको रूपमा लिइएको छ । तिनै शिक्षक/शिक्षिकाले दिएका मतावलीलाई आधार मानेर व्याख्या विश्लेषण गरिएको छ । द्वितीयक स्रोतका रूपमा विभिन्न पाठ्यपुस्तक, लेखक रचना तथा सम्बद्ध सामग्रीलाई लिइएको छ । यो अध्ययन परिमाणात्मक भन्दा गुणात्मक अनुसन्धानको निकट रहेको छ । यसमा क्षेत्रीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी तुलनात्मक, वर्णनात्मक विधिको सहायताबाट व्याख्या विश्लेषण गरिएको छ ।

मूलतः यो अध्ययन मिश्रित ढाँचामा संरचित छ। नेपाली भाषा शिक्षण र कर्यामूलक अनुसन्धन सम्बद्ध मतावली र प्रश्नावली (खुल्ला र बन्द) बाट प्राप्त विचारलाई प्रतिशतमा व्यक्त गरी विश्लेषण गरिएको छ।

## ७.२ निष्कर्ष

अनुसन्धान भनेको नवीन तथ्य पत्ता लगाउन गरिने शोधखोज हो । यो एउटा व्यवस्थित तथा तर्क सम्मत कार्य हो। यसमा नवीन तथ्य पत्ता लगाउने तथा पुरानो ज्ञानको पुनर्व्याख्या समेत गरिन्छ । अनुसन्धन विभिन्न प्रकारका हुन्छन् । त्यसैअन्तर्गतको एउटा अनुसन्धान कार्यमूलक अनुसन्धान पनि हो । काम गर्दै शिक्षकले आफ्नो पेसागत रूपमा वृद्धिका लागि शिक्षण गर्दा देखिएका समस्या समाधान गर्नु नै कार्यमूलक अनुसन्धान हो । सर्वप्रथम सन् १९४६ मा लेविनले विद्यार्थीको क्षमता सुधारको लागि कार्यमूलक अनुसन्धान गरिएको पाइन्छ । यसमा शिक्षकले आफ्नो शिक्षणमा देखिएका समस्या समाधान गर्नका लागि आफैले सञ्चालन गर्दछन्। नेपाली भाषा शिक्षणमा यस प्रकारको अनुसन्धानको स्थान महत्त्वपूर्ण रहँदै आएको छ। भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपको विकास हुनु नै भाषा शिक्षण हो । भाषा शिक्षण गर्दा विभिन्न समस्याहरू आउँछन् त्यस्ता समस्या समाधान गर्न कार्यमूलक अनुसन्धान गर्नु व्यावहारिक देखिन्छ । नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको प्रयोग अवस्था, समस्या र समाधानका उपायहरू आधारमा प्रस्तुत शोधको निष्कर्षलाई बुँदागत रूपमा औंल्याउन सकिन्छ :

- कार्यसम्पादनमा सुधार तथा पेसागत दक्षता बढाउन शिक्षकले गर्ने अनुसन्धान नै कार्यमूलक अनुसन्धान हो। भाषाका चारै सीपमा आउने सक्षमतालाई भाषा शिक्षण भनिन्छ।
- नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान गर्नु व्यावहारिक छ भन्नेमा ८५% र छैन भन्नेमा १५% रहेको छ।
- कार्यमूलक अनुसन्धानको सान्दर्भिकता छ भन्नेमा ८५% र छैन भन्नेमा १५% रहेको छ । त्यस्तै गरी कार्यमूलक अनुसन्धान कस्तो समस्यासँग केन्द्रित हुन्छ भन्नेमा व्यक्तिगतमा ७०% र सामूहिकमा ३०% ले हुने बताएका छन्।

- कार्यमूलक अनुसन्धान अनिवार्य हुने मत शतप्रतिशतले दिएका छन् । त्यस्तै यस प्रकारको अनुसन्धानको प्रभावकारिता मातृभाषाका लागि २०% ले दोस्रो भाषाका लागि ८०% ले प्रभावकारी हुने गर्दछ ।
- कार्यमूलक अनुसन्धानका समस्याहरु शिक्षकहरुमा सैद्धान्तिक ज्ञानको अभाव रहनु, प्रयाप्त सामग्रीको अभाव, गुणात्मकभन्दा परिमाणात्मक अनुसन्धानमा जोड दिनु, शिक्षकहरुमा अपनत्वको अभाव रहनु, तालिमको अभाव रहनु, अनुगमता निरीक्षणको अभाव र अनुसन्धान गर्नेलाई प्रोत्साहन नगरिनु जस्ता समस्याहरु रहेका छन् ।
- कार्यमूलक अनुसन्धान बढी विद्यार्थीका लागि उपयोगी हुने गर्दछ । समस्याको समाधान गर्दा ९५% ले योजना, कार्य, अवलोकन र प्रतिविम्बनको प्रक्रियाबाट अगाडि बढ्ने कार्य भन्ने मत राखेका छन् ।
- त्यस्तै गरी सबैले समस्या देख्ने बित्तिकै अनुसन्धान गर्ने गरेको देखिन्छ । त्यस्ता अनुसन्धान आधारभूत तहका लागि ६५% ले माध्यमिक तहका लागि ३०% र ५% ले सबै तहका लागि उपयोगी हुने गर्दछ भन्ने मत व्यक्त गरेका छन् ।
- मूलतः सबै शिक्षक शिक्षिकाहरूले कार्यमूलक अनुसन्धान समस्या समाधान गर्ने प्रयोजन राखेर गर्दछन् ।
- सबैले कक्षाकोठामा कार्यमूलक अनुसन्धानको प्रयोग गर्ने गरेको देखिन्छ । यसरी प्रयोग गरी अनुसन्धान सबैले योजनाबद्ध तवरले गर्ने गरेको पाइन्छ । यस प्रकारका अनुसन्धान एकपटक मात्र नभएर पटक पटक गर्ने गरेको देखिन्छ । त्यस्ता अनुसन्धान ५५% ले विद्यार्थीलाई थाहा दिएर र ४५% ले थाहा नदिएर गर्ने गरेको भेटिन्छ ।
- समस्याको समाधान भयो कि भएन भनेर अवलोकन गरेर ५०% ले, ४०% ले लिखित परीक्षण र १०% ले अन्य विधिबाट परीक्षण गर्ने गरेको देखिन्छ ।
- यसरी गरिने कार्यमूलक अनुसन्धानबाट विद्यार्थीको वास्तविक समस्या समाधान हुने गर्दछ । साथै यस्तो अनुसन्धानबाट शिक्षणमा प्रभावकारिता समेत आएको छ । त्यसैले नेपाली भाषा शिक्षणमा उपयोगी देखिन्छ ।

- भाषाका चार सीपमध्ये लेखाइ सीपमा बढी समस्या भएको र कार्यमूलक अनुसन्धान लेखाइ सीप विकास सम्बद्ध छन् ।
- कार्यमूलक अनुसन्धानबाट शिक्षक, विद्यार्थी दुबैको गर्न सकिन्छ र त्यसबाट दुबैको समस्या समाधान हुन सक्छ ।
- अधिकांश कक्षाहरू कार्यमूलक अनुसन्धान पश्चात् सुधारोन्मुख भएका छन्, त्यसमा पनि कमजोर क्षमता भएकाहरूका लागि भने बढी उपयोगी छन् ।
- कार्यमूलक अनुसन्धान भाषा शिक्षणका जुनसुकै क्षेत्रमा पनि गर्न सकिन्छ । कार्यमूलक अनुसन्धानका विषयमा शिक्षकहरूमा गुणात्मक अनुसन्धान, खोजमूलक कार्य, तत्काल गरिने कार्य, समस्याको पहिचान, अभ्यास र समाधान, पेशागत क्षमताको विकास र आफैले गर्ने भन्ने बुझाइ रहेको छ । यस्तो अनुसन्धान योजना कार्य, अवलोकन र प्रतिविम्बनको चरणमा अगाडि बढ्ने गर्दछ भने समस्या समाधान नभएसम्म निरन्तर चलिरहन्छ ।
- नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान भाषिक सीप, भाषा तत्व/व्याकरण, व्यावहारिक लेखन, उखान टुक्काको प्रयोग, विद्यार्थीको व्यक्तिगत समस्या समाधान र सिकाइ उपलब्धि आदि जस्ता क्षेत्रमा गर्न सकिन्छ ।
- यस प्रकारको अनुसन्धान शिक्षक विद्यार्थी दुबैको गर्न सकिन्छ । शिक्षक अनुसन्धान गर्दा शैक्षिक सामग्री, शिक्षण विधि, शिक्षक सिकाइ क्रियाकलाप, मूल्याङ्कन, पेसागत दक्षताको विकास, प्रशासनिक क्षेत्रमा गर्न सकिन्छ ।
- दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्नेका लागि कार्यमूलक अनुसन्धान झनै प्रभावकारी हुन्छ । भाषाका चारै सीपमा समस्या देखिन्छ । त्यसमा पनि ९०% विद्यार्थीले एकाग्र भएर नसुन्ने, ९५% मा शुद्ध र स्पष्टसँग बोल्न सक्ने, ८५% मा यति, गति अनुसार पढ्न नसक्ने र ९०% मा ले वर्णविन्यासगत समस्या रहेको छ ।
- यस्ता समस्याहरूको समाधानको लागि मूलतः कार्यमूलक अनुसन्धान बढी उपयोगी हुन्छ । कार्यमूलक अनुसन्धान गर्दा सर्वप्रथम समस्याका कारण पहिचान गरी त्यसैको आधारमा पहिलो चरणमा योजना निर्माण, कार्य अवलोकन र प्रतिविम्बन जस्ता

प्रक्रियाबाट अगाडि बढ्ने गरिन्छ । समस्या समाधान नभएसम्म यो चक्र चलिरहन्छ ।

- कार्यमूलक अनुसन्धानमा देखिएका समस्या समाधानका निम्न उपायहरु प्रशस्त तालिमको व्यवस्था, अनुगमन तथा निरीक्षणको व्यवस्था, परिमाणात्मक भन्दा गुणात्मक अनुसन्धानमा जोड, शिक्षकमा अपनत्वको भावनाको विकास, प्रोत्साहन र सजायको व्यवस्था जस्ता उपायहरु अवलम्बन गर्न सकेमा समस्याहरु निराकरण हुने निश्चित छ ।

अतः उल्लिखित निष्कर्षको आधारमा नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धान गर्नु प्रभावकारी देखिन्छ । भाषाका चार सीप विकासमा देखापर्ने समस्या समाधानको लागि कार्यमूलक अनुसन्धानको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले भाषा जुनसुकै क्षेत्रमा यो अनुसन्धान गर्नु सान्दर्भिक ठहर्छ ।

## ७.३ सुझाव

प्रस्तुत अध्ययन अनुसन्धानबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षसम्म आइपुग्दा केही कमीकमजोरी रहेका देखिन्छन् । तसर्थ आगामी अध्ययन अनुसन्धानलाई त्रुटिबाट रोक्न निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

- कार्यमूलक अनुसन्धान विद्यार्थीको मात्र नभएर शिक्षकको पनि गर्न सकिन्छ ।
- यस प्रकारको अनुसन्धान कुनै समस्यामा आधारित हुनुपर्ने र समस्या समाधान नभएसम्म निरन्तर चलिरहनु पर्ने
- कार्यमूलक अनुसन्धानलाई समस्या समाधान गर्ने प्रयोजन राखेर गर्नुपर्ने
- एकपटक मात्र नभएर निरन्तर गरिरहनु पर्ने,
- समस्या समाधानको लागि पहिला कारणको पहिचान गरी योजना कार्य, अवलोकन र प्रतिविम्बन जस्ता प्रक्रियाबाट गर्नुपर्ने,
- कुनै खास तहमा भन्दा पनि सबै तहका लागि प्रयोग गर्नुपर्ने,
- यस प्रकारको अनुसन्धान जानकारी दिएर भन्दा पनि जानकारी नदिएर गर्नु सान्दर्भिक हुन्छ ।
- भाषाका चारै सीपमा अनुसन्धान गर्नुपर्ने ।

## ७.४ उपयोगिता

प्रस्तुत शोधकार्य 'नेपाली भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानको प्रयोग अवस्था' शीर्षकमा केन्द्रित रहेको छ । यसको वर्तमान अवस्थाको खोजी, समस्याको पहिचान र समाधानका उपायहरू निरूपण गर्नु उद्देश्य रहेका छन् । यसरी हेर्दा यस शोधकार्यबाट प्रत्यक्ष वा परोक्ष रूपमा शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन, शिक्षाविद्, योजनाविद्, नीति निर्माण कारकहरूलाई उपयोगी हुनेछ । समग्र यस अनुसन्धानबाट निम्न उपयोगिता रहेको छ :

- कार्यमूलक अनुसन्धानका बारेमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताका लागि सहयोग हुनेछ ।
- शिक्षाका नीति निर्माण गर्ने योजनाकारहरूलाई योजना निर्माण गर्न सहयोग पुग्नेछ ।
- कार्यमूलक अनुसन्धान अनुसन्धान र अन्य अनुसन्धानका बिचमा अन्तर थाहा पाउन चाहनेका लागि उपयोगी हुनेछ ।
- कार्यमूलक के कसरी सञ्चालन गरिन्छ भन्ने बारेमा जानकारी लिन सकिन्छ ।
- काठमाडौँ जिल्लाका शिक्षक /शिक्षिकाहरूको कार्यमूलक अनुसन्धानका बारेमा रहेको मत जानकारीका लागि लिन सकिन्छ ।
- नेपाली भाषा शिक्षण समस्या समाधान गर्न चाहनेका लागि सहयोगी बन्न सक्छ ।
- विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि उपयोगी हुन्छ ।
- नेपाली भाषाका शिक्षणका क्षेत्रमा काम गर्ने जो कोहीका लागि सहयोग पुग्नेछ ।
- अध्ययन अनुसन्धानका क्षेत्रमा काम गर्ने सबैलाई सहयोग पुग्नेछ ।

## ७.५ भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षकहरू

- सामान्य अनुसन्धान र कार्यमूलक अनुसन्धान बिचको तुलनात्मक अध्ययन
- नेपाली बाहेकका अन्य भाषामा कार्यमूलक अनुसन्धानको प्रयोग अवस्था
- कार्यमूलक अनुसन्धानको ऐतिहासिक अध्ययन
- भाषिक सीप विकासमा कार्यमूलक अनुसन्धानको प्रयोग,
- नेपाली र अङ्ग्रेजी भाषाको प्रयोगमा कार्यमूलक अनुसन्धान

## सन्दर्भसामग्री सूची


अधिकारी, अप्सरा (२०७४), *कक्षा छको विद्यार्थीहरुका हस्तलेखन कसरी राम्रो बनाउने ?,* अप्रकाशित अनुसन्धान, महाबौद्ध, काठमाडौँ ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६९), नेपाली प्रयोगात्मक शब्दकोश, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कार्की, सन्तोष र अन्य (२०७५), *दियोमा तेल थप्नेहरू,* काठमाडौँ : बुलबुल पब्लिकेसन ।

कुमार, रन्जित (सन् २०१७), *रिसर्च मेथोडोलोजी,* दिल्ली : सेज पब्लिकेसन ।

कोहेन, लुइस, म्यानिओन, लरेन्स र मोरिसन, किथ (सन् २०११), रिसर्च मेथड्स इन एजुकेसन (सातौं संस्करण), दिल्ली : क्याम्ब्रिज युनिभर्सिटी इन्डियन प्रेस ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

चौलागाई, कविता (२०७४), *कक्षा छका विद्यार्थीहरुको आदरार्थी प्रयोगमा देखिएको समस्या र समाधानका लागि गरिएको कार्यमूलक अनुसन्धान प्रतिवेदन,* अप्रकाशित अनुसन्धान, जिल्ला शिक्षा कार्यालय, काठमाडौँ ।

डेविड, नुनान (सन् २०११), *रिसर्च मेथोड इन ल्याङ्ग्वेज,* न्यु दिल्ली : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

थापा, अम्बिका (२०७४), *विद्यार्थीको लेखाइ सिपको प्रयोगमा देखिएका समस्या समाधानका लागि प्रस्तुत कार्यमूलक अनुसन्धान प्रतिवेदन,* अप्रकाशित अनुसन्धान, ज्ञानेश्वर, काठमाडौँ ।

नरटोन, लोन. एस (सन् २००९), *एक्सन रिसर्च इन टिचिङ एण्ड लर्निङ,* न्यु दिल्ली : क्याम्ब्रिज हाउस ।

निउरे, ध्रुवप्रसाद (२०६९), *अनुसन्धान पद्धति,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

निरौला, वेदराज (२०७४), *उखानको वाक्यमा प्रयोग एक कार्यमूलक अनुसन्धान,* अप्रकाशित अनुसन्धान, कीर्तिपुर ।

न्यौपाने, नेत्रप्रसाद र तिमल्सिना, शिवप्रसाद (२०७५), *अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

न्यौपाने, रुक्मिनीदेवी (२०७४), *निम्नमाध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा व्याकरण ( काल) सम्बन्धी देखिएको समस्यामा गरिएको एक कार्यमूलक अनुसन्धान,* असन, काठमाडौं नगरपालिका काठमाडौं ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

पौडेल, राजेन्द्रप्रसाद (२०७४), *आधुनिक अनुसन्धान पद्धति,* काठमाडौँ : हिमशिखर प्रकाशन ।

पौडेल, राजेन्द्रप्रसाद र पण्डित, सि.एन. (२०६८), *आधुनिक अनुसन्धान पद्धति,* काठमाडौँ : प्रज्ञा प्रकाशन ।

पौडेल, शान्ति (२०७१), *नेपाली विषयमा अनुत्तीर्ण हुने विद्यार्थीको कार्यमूलक अनुसन्धान,* अप्रकाशित अनुसन्धान, काठमाडौं ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बानिया, अस्मिता (२०७४०, *कक्षा ८ मा नेपाली भाषा शिक्षणसम्बन्धी समस्या,* अप्रकाशित अनुसन्धान ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि :* परिचय र प्रयोग, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७५), *अनुसन्धान विधि,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७५), *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

महर्जन, मञ्जु (२०७४), *कक्षा आठका विद्यार्थीहरुलाई पठनपाठनमा कसरी ध्यान दिन लगाउने ?,* अप्रकाशित अनुसन्धान ।

मानन्धर, सन (२०७४), *कक्षा नौका विद्यार्थीहरुको नेपाली विषय गृहकार्य पूरा गर्न गाह्रो भन्छन्,* अप्रकाशित अनुसन्धान ।

रो, उषा (सन् २००७), *एक्सन रिसर्च,* नयाँ दिल्ली, हिमालयन पब्लिसिङ ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), अनुसन्धान विधि, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

वालेस, एम.जे. (सन् २०१०), *एक्सन रिसर्च फर ल्याङ्ग्वेज रिसर्च,* दिल्ली : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६८), अनुसन्धान विधि, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), *कार्यमूलक अनुसन्धान मामला अध्ययन र परियोजना कार्यका लागि हाते पुस्तिका,* सानोठिमी भक्तपुर ।

सिग्देल, लक्ष्मी (२०७४), *विद्यार्थीलाई नियमित रुपले विद्यालयमा कसरी उपस्थित गराउन सकिएला ?,* अप्रकाशित कार्यमूलक अनुसन्धान, डिल्लीबजार, काठमाडौं ।

सुवेदी, सरोज (२०७१), *अनुच्छेद लेखनसम्बन्धी सीपको विकास गर्ने कक्षा पाँच नेपाली विषयको शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित एक कार्यमूलक अनुसन्धान,* अप्रकाशित अनुसन्धान प्रतिवेदन, भरतपुर, चितवन ।

# व्यक्तिवृत्त



नाम : सन्तोष कार्की

जन्ममिति : २०५०/११/२१

ठेगाना : प्रकाशपुर-७, सुनसरी

बुवाको नाम : चन्द्रबहादुर कार्की

आमाको नाम : जगतकुमारी कार्की

नागरिक : नेपाली

लिङ्ग : पुरुष

तह : स्नातकोत्तर तह (एम.एड.)

एम.ए. अध्ययनरत

सम्पर्क नं. : ९८६९१९३७१२

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| स्नातकोत्तर तह (एम.एड.) | त्रिभुवन विश्वविद्यालय | २०७५ | |
| स्नातकोत्तर तह (एम.ए.) | त्रिभुवन विश्वविद्यालय | २०७५ | अध्ययनरत |
| स्नातक तह (बी.एड.) | त्रिभुवन विश्वविद्यालय | २०७२ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | उच्च माध्यमिक शिक्षा परिषद् | २०६९ | प्रथम |
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | शिक्षा मन्त्रालय | २०६६ | द्वितीय |